# सन्दर्भ सामग्री

## गुलरिया गाथा

## कक्षा : पाँच

गुलरिया नगरपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रकाशक :**
गुलरिया नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रमुख संरक्षक :**
श्री मुक्तिनाथ यादव — नगर प्रमुख

**संरक्षक :**
श्री सावित्रा गौतम — नगर उप-प्रमुख

**सल्लाहकार :**
श्री ओमकार शाह — प्रमुख प्रशासकीय अधिकृत
श्री सतिश यादव — शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख (शाखा अधिकृत)
श्री रूपसिङ खत्री — लेखा अधिकृत

**© सर्वाधिकार : गुलरिया नगरपालिका**

**कक्षा ५ पाठ्यसामग्री निर्माण समिति**
संयोजक: श्री च्यामुलाल चौधरी
सदस्य : श्री बिनिता घिमिरे
सदस्य : श्री श्रक्ष्मी खनाल
सदस्य : श्री भानुभक्त अधिकारी
सदस्य : श्री इश्वरी पौडेल

**कम्प्युटर लेआउट :**
श्री प्रभात सुवेदी
श्री लक्ष्मण चौधरी

**भाषा सम्पादन :**
श्री प्रमोद कुमार तिमिल्सिना
श्री भीष्मराज ढकाल

**आवरण डिजाइन :**
श्री प्रभात सुवेदी

वि.सं. : २०८०, असार
**मुद्रण :** म्याक्सवेल प्रिन्टस प्रा.लि. नेपालगन्ज, बाँके
फोन नं. ०८१-५३८०५५, E-mail : maxwell.prints@gmail.com

# भूमिका

मानव चेतना र सभ्यताको विकास बिना समाज परिवर्तनको कल्पना गर्न सकिदैन । समाजको परिवर्तनबाट मात्र राष्ट्रको विकास सम्भव हुने भएकोले सबै पक्षको समुचित विकासको आधारशीला नै शिक्षा हो । शिक्षा मार्फत प्रदान गरिने ज्ञान, सिप र अभिवृत्तिको हस्तान्तरण गर्ने विधिहरूमध्ये औपचारिक शिक्षा एउटा प्रमुख माध्यम हो । औपचारिक शिक्षाको प्रारम्भिक चरण भनेको आधारभूत शिक्षा हो । आधारभूत शिक्षालाई गुणस्तरीय र जीवनोपयोगी सिपमा आधारित बनाउँदै प्रभावकारी कार्यान्वयन गर्न सकिएमा शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्न सकिन्छ ।

नेपालको संविधान अनुसूची ८ मा माध्यमिक तहसम्मको शिक्षालाई सञ्चालन व्यवस्थापन र नियन्त्रण गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भ र प्राथमिक शिक्षा पाठ्यक्रम २०४९, यसैगरी आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ ले कक्षा १-३ मा साप्ताहिक ५ कार्यघण्टा र कक्षा (४-८) मा साप्ताहिक ४ कार्यघण्टाको १०० पूर्णाङ्क स्थानीय विषय/भाषा समावेश गरेकाले गुलरिया नगरपालिकाले पालिकाभित्र रहेका स्थानीय कला, संस्कृति, ऐतिहासिक परम्परा, धार्मिक, पुरातात्त्विक तथा पर्यटकीय स्थानहरूको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यका साथ **'गुलरिया गाथा'** स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि पालिकाभित्र रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरूमा लागु गर्नेगरी तयार गरिएकोमा पाठ्यक्रममा निदृष्ट विषयवस्तुहरूको सिकाइका लागि कक्षा १ देखि ८ सम्मको पाठ्य सामग्री तयार गरिएको छ ।

प्रस्तुत सन्दर्भ सामग्रीबाट नगर क्षेत्रमा रहेका महत्त्वपूर्ण विषयवस्तुहरूको परिचय गराई बालबालिकाहरूलाई आफ्नो ठाउँका कला र संस्कृतिसँग परिचित गराउन र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी तथा स्वावलम्बी धारणाको विकास गर्ने, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका विषयवस्तुहरूसँग परिचित गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यो पाठ्यसामग्री गुलरिया नगरपालिकाको शिक्षाको उद्देश्य हासिल गर्ने, स्थानीय विषयवस्तु ज्ञान, सिप, संस्कृति, प्राकृतिक सम्पदाको सम्भावना आदिलाई समेटेर तयार गरिएकोले बालबालिकाहरूको सिकाइमा सघाउ पुग्ने छ ।

गुलरिया नगरपालिकाले तयार गरेको पाठ्यक्रम अनुरूपका विषयवस्तुका साथै यस क्षेत्रको कला, संस्कृति, धर्म, कृषि, पर्यटन, सम्पदा, स्थानीय पेशा व्यवसाय र प्रविधिलाई पाठ्य सामग्रीमा समेटिएको छ । गुलरिया नगरपालिकामा लामो समयसम्म कार्यरत अनुभवी शिक्षकहरूको विज्ञ समूहबाट छलफल, अन्तर्क्रिया तथा कार्यशाला बैठकको आयोजना गरी तथा स्थलगत भ्रमण समेत गरी आफ्नो मिहिनेत र लगनबाट यो पाठ्य सामग्री तयार गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने सबैप्रति गुलरिया नगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । गुलरिया नगरपालिकाको पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको समेत अपेक्षा गरिएको छ । कक्षा १ देखि ८ सम्म प्रकाशन गरिएको सन्दर्भ सामग्रीलाई अझै प्रभावकारी बनाउनका लागि यस नगरपालिकाले सामग्री प्रयोगकर्ता लगायत सम्बन्धित सबै पक्षबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ । प्राप्त सुझावहरूका आधारमा आगामी संस्करणहरूमा परिमार्जन गर्दै लगिने छ ।

**मुक्तिनाथ यादव**
**नगर प्रमुख**

# विषय सूची


| क्र.सं. | विवरण | पेज |
|---|---|---|
| **एकाइः १** | **हाम्रो गुलरिया** | **१** |
| | पाठ १ नगरपालिकाको नामाकरण | २ |
| | पाठ २ जनसंख्याको आवस्था | ५ |
| | पाठ ३ नगरपालिकाको आयस्रोतहरू | ७ |
| **एकाइः २** | **हाम्रो संस्कार, संस्कृति र परम्परा** | **१०** |
| | पाठ १ हाम्रा संस्कारहरू | ११ |
| | पाठ २ हाम्रा चाडपर्वहरू | १४ |
| | पाठ ३ हाम्रो नगरपालिकाका सांस्कृतिक सम्पदाहरू | १७ |
| **एकाइः ३** | **स्थानीय पेशा, व्यवसाय र प्रविधि** | **२०** |
| | पाठ १ हाम्रो गुलरिया हाम्रो हस्तकला | २१ |
| | पाठ २ खेतबारीको तयारी | २४ |
| | पाठ ३ कृषि उत्पादनहरूको बजारीकरण र भण्डारण | २६ |
| **एकाइः ४** | **हरियाली विद्यालय र स्वच्छ नगर** | **३०** |
| | पाठ १ हरियाली क्षेत्र | ३१ |
| | पाठ २ हरियाली नगर | ३३ |
| | पाठ ३ जलप्रदुषण | ३५ |
| **एकाइः ५** | **विपद् सावधानी र सुरक्षा व्यवस्थापन** | **३८** |
| | पाठ १ विपद् | ३९ |
| | पाठ २ ट्राफिक चिन्ह र संकेत | ४१ |
| **एकाइः ६** | **हाम्रो सम्पदा** | **४४** |
| | पाठ १ हाम्रा सम्पदा हाम्रो पहिचान | ४५ |
| | पाठ २ कृष्णसार संरक्षण क्षेत्र | ५० |
| | गुलरिया-गान | ५२ |

## एकाइ : एक

## हाम्रो गुलरिया

**सिकाइ उपलब्धि:**

१. गुलरिया नगरपालिकाको नामाकरणको बारेमा बताउन

२. आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थानहरु देखाउन

३. नगरपालिका भित्रका वडा अनुसारको जनसङ्ख्या भन्न


४. नगरपालिकाको आयश्रोत पहिचान गर्न








## पाठ १ नगरपालिकाको नामाकरण




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,०००/१५,००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016


नमस्कार साथीहरु ! मेरो नाम मनोज थारु हो । यहाँ देखाइएको नक्सा नेपालको लुम्विनी प्रदेश स्थित बर्दिया जिल्लाको गुलरिया नगरपालिकाको हो । म यही नगरपालिकामा बस्छु । गुलरिया नगरपालिकाको क्षेत्रफल ११८.२१ वर्गकिलोमिटर रहेको छ। कूल १२ वटा वडा रहेको यस नगरपालिकामा विविध जातजात, भाषाभाषी, धर्म तथा संस्कृतिको समिश्रण रहेको छ । गुलरिया नगरपालिकाको पूर्वमा बढैयाताल गाउँपालिका, पश्चिममा मधुवन नगरपालिका, उत्तरमा बारबर्दिया नगरपालिका र दक्षिणमा भारतको उत्तरप्रदेश (बहराइच जिल्ला) पर्दछ। गुलरिया नगरपालिकाको केन्द्र वडा नम्वर ६ स्थित गुलरिया बजारमा रहेको छ। विश्वकै दुर्लभ वन्यजन्तु कृष्णसारको प्राकृतिक वासस्थान कृष्णसार संरक्षण क्षेत्र, बगलामुखी मन्दिर, कोटही मन्दिर, पर्वतीया मन्दिर, मुक्तीनारायण भादाघाट, लक्ष्मीनारायण तोताद्रिमठ, बालापूर-बिक्री जोड्ने भादा नदिको झोलुङ्गे पुल, भगहर ताल यहाँका प्रमुख पर्यटकीय तथा धार्मिक स्थलहरु हुन् । साथीहरु, तपाईंहरु

पनि गुलरिया नगरपालिकाको माथी दिइए जस्तै नक्सा कोरेर गुरुवर्गको सहायता लिई यी स्थलहरु देखाउनुहोस है ।

गुलरिया नगरपालिकाको नामाकरणका सम्बन्धमा स्थानीय जानकार व्यक्तिका अनुसार नगरपालिकाको हालको मुख्य बजारबाट पश्चिम तर्फ नजिकै गाउँको बीचमा एक ठूलो गुलरको रुख रहेको थियो । गुलरको रुख रहेको उक्त गाउँलाई स्थानीय समुदायले गुलरिया गाउँले सम्बोधन गर्दथे । सोही गाउँको नामबाट गाउँ पञ्चायत स्थापना हुँदै गुलरिया गाउँ विकास समिति भएको र वि.सं. २०५३ साल माघ ११ गते बर्दिया जिल्लाका तत्कालिन खैरापुर, मथुराहरद्वार र गुलरिया गाउँ विकास समितिलाई समायोजन गरि गुलरिया नगरपालिका गठन गरिएको थियो । वि.सं. २०७३ सालमा स्थानीय तह लागू हुँदा साविकको गुलरिया नगरपालिका र महम्मदपुर गाउँ विकास समितिलाई समेटेर गुलरिया नगरपालिकाको क्षेत्र विस्तार गरिएको हो ।


**हालको गुलरिया गाउँ**






साथीहरु मेरो घर वडा नम्वर १२ बिक्री गाउँमा पर्दछ । मेरो वडाको पूर्वमा बढैयाताल गाउँपालिका, पश्चिममा वडा नम्वर ५ र ८ उत्तरमा बारबर्दिया नगरपालिका तथा बढैयाताल गाउँपालिका र दक्षिणमा वडा नम्वर ११ पर्छ । साथीहरु मैले मेरो वडाको नक्सा कोरेर आफू बस्ने ठाउँ, आफू पढ्ने विद्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकी पनि देखाएको छु । तपाईंहरु पनि आफ्नो वडाको यसैगरी नक्सा बनाएर आफू बस्ने ठाउँ, आफ्नो विद्यालय, वडा कार्यालय, स्वास्थ्य केन्द्र तथा अन्य कुरा पनि देखाउनुहोस है त ।

नक्सामा संकेतको प्रयोग गरिएको हुन्छ। ती मध्ये केही यहाँ प्रस्तुत गरिएको छः



| | | | |
|---|---|---|---|
| | पहाड/हिमाल | | पुल/झोलुङ्गे पुल |
| | ताल/पोखरी | | नदी |
| | विद्यालय/क्याम्पस | | सडक |
| | स्वास्थ्य केन्द्र/अस्पताल | | शहर |
| | मन्दिर | | संरक्षण क्षेत्र |
| | गाउँ/बस्ती | | स्थानीय तहको केन्द्र/कार्यालय |

## क्रियाकलाप

१. तपाईं बस्ने गाउँ/ठाउँको नामाकरण कसरी भएको रहेछ, स्थानीय जानकार व्यक्तिसँग सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

२. आफू बस्ने वडाको नक्सा बनाई विद्यालय, स्वास्थ्य केन्द्र तथा वडा कार्यालय देखाउनुहोस र कक्षामा प्रदर्शन गर्नुहोस्।

## अभ्यास

### १. पाठ पढेर खाली ठाउँ भर्नुहोस् :

(क) बर्दिया जिल्ला .......... प्रदेशमा रहेको छ।

(ख) गुलरिया नगरपालिकामा ............ वटा वडाहरु छन्।

(ग) गुलरको रुख रहेको गाउँलाई स्थानीय समुदायले .......... नाउँले सम्बोधन गर्दथे।

(घ) गुलरिया नगरपालिकाको केन्द्र वडा नम्वर ........... मा रहेको छ।

### २. तल दिइएका प्रश्नको उत्तर दिनुहोस्।

(क) गुलरिया नगरपालिकाको नामाकरण कसरी भएको हो ?

(ख) गुलरिया नगरपालिकाको क्षेत्रफल कति छ ?

(ग) गुलरिया नगरपालिकाको पूर्व र उत्तरमा कुन-कुन स्थानीय तहहरु रहेका छन् ? नाम लेख्नुहोस्।

(घ) गुलरिया नगरपालिकाको स्थापना कहिले भएको हो ?

## परियोजना कार्य

गुलरिया नगरपालिकाको वडागत नक्शा कोरी तल दिइएका तथ्यहरु सङ्केत सहित भर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्।

कृष्णसार संरक्षण क्षेत्र — बालापुर-बिक्री जोड्ने झोलुङ्गे पुल

बगलामुखी मन्दिर — बबई बहुमुखी क्याम्पस

बर्दिया अस्पताल — गुलरिया नगरपालिका कार्यालय।

## पाठ २ जनसङ्ख्याको अवस्था

मिति २०८०/०१/०१
गुलरिया, बर्दिया

प्रिय साथी सरीता,
सुमधुर सम्झना !

म यहाँ आराम छु। तिमीले पठाएको पत्र हिजो प्राप्त गरेँ। तिमी पनि आरामै रहेको र तिम्रो पढाइ पनि एकदमै राम्रो चलिरहेको कुरा थाहा पाउँदा असाध्यै खुसी लाग्यो । पत्रमा तिमीले म बस्ने स्थानीय तहको




जनसङ्ख्याको अवस्थाका बारेमा जिज्ञासा राखेकी रहिछौ। म त्यसैको बारेमा लेख्दैछु।
म बस्ने स्थानीय तहको नाम गुलरिया नगरपालिका हो। यो नगरपालिका नेपालको लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा अवस्थित रहेको छ । कुल १२ वडा रहेको यो नगरपालिका जनसङ्ख्याको आधारमा बर्दिया जिल्लाको सबैभन्दा ठूलो स्थानीय तह हो । जनगणना, २०७८ अनुसार गुलरिया नगरपालिकाको कूल जनसङ्ख्या ७४५०५ रहेको छ। जसमध्ये पुरुषको सङ्ख्या ३६७२७ र महिलाको सङ्ख्या ३७७७८ रहेको छ। जनसङ्ख्याको अवस्थालाई वडागतरुपमा तल तालिकामा प्रस्तुत गरेकी छु।

| वडा नम्वर | जनसङ्ख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| १ | ३१६५ | ३४२० | ६५८५ |
| २ | २८६५ | २९१३ | ५७७८ |
| ३ | २७०४ | २७६४ | ५४६८ |
| ४ | ४०९२ | ४५२४ | ८६१६ |
| ५ | २२३७ | २५४१ | ४७७८ |
| ६ | २४१४ | २४८६ | ४९०० |
| ७ | २७०० | २५६७ | ५२६७ |
| ८ | ३३१६ | ३१२३ | ६७२२ |
| ९ | ३४८४ | ३४१२ | ६८९६ |

| वडा नम्वर | जनसङ्ख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| १० | ३६२८ | ३५७६ | ७२०४ |
| ११ | ३३६० | ३२९६ | ६६५६ |
| १२ | २६७८ | २९५७ | ५६३५ |
| जम्मा | ३६७२७ | ३७७७८ | ७४५०५ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

वडाअनुसार सबैभन्दा उच्च जनसङ्ख्या वडा नम्वर ४ मा ८६१६ रहेको छ भने सबैभन्दा न्यून वडा नम्वर ५ मा ४७७८ रहेको छ । म बस्ने वडाको जनसङ्ख्या ६७२२ रहेको छ भने मेरो बसोबास कति नम्वर वडामा रहेछ ? पत्ता लगाऊ ल ! आशा छ, मेरो स्थानीय तहको जनसङ्ख्याको अवस्थाका बारेमा यथेष्ट जानकारी प्राप्त गर्यौ । थप कुरा अर्को पत्रमा गरौँला । अहिलेलाई यति नै ।

उही तिम्री साथी
निशा लोध

## क्रियाकलाप

१. तपाईँ बस्ने टोलको महिला र पुरुषको जनसङ्ख्या विवरण सङ्कलन गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### १. तलका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न लगाउनुहोस् ।

(क) सरीता गुलरिया नगरपालिकामा बस्दछिन् ।
(ख) यो पत्र निशाले सरीतालाई लेखेकी हुन् ।
(ग) गुलरिया नगरपालिकामा पुरुषको सङ्ख्या ३६७२७ रहेको छ ।
(घ) निशा वस्ने वडाको जनसङ्ख्या ४३३५ रहेको छ ।

### २. तल दिइएका प्रश्नको उत्तर दिनुहोस:

क) गुलरिया नगरपालिकाको कूल जनसङ्ख्या कति रहेको छ ? त्यसमध्ये महिलाको सङ्ख्या कति छ ?
ख) गुलरिया नगरपालिकाको कुन वडामा सबैभन्दा उच्च जनसङ्ख्या रहेको छ ? त्यहाँको जनसङ्ख्या कति छ ?
ग) गुलरिया नगरपालिकाको कुन कुन वडामा महिला भन्दा पुरुषको सङ्ख्या बढि छ ?
घ) निशाको घर गुलरिया नगरपालिकाको कुन वडामा रहेको छ ? उक्त वडाको जनसङ्ख्या कति छ?

## परियोजना कार्य:

अभिभावकको सहयोगमा इन्टरनेट वा अन्य माध्यमबाट राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क खोजी गरी गुलरिया नगरपालिकाको लैङ्गिक अनुपात, वार्षिक जनसङ्ख्या वृद्धिदर र साक्षरता प्रतिशतको विवरण तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ ३ नगरपालिकाको आयश्रोत

आज गुलरिया नगरपालिका ४ नम्वर वडा कार्यालयले कक्षा ५ का विद्यार्थीका लागि स्थानीय तहको आयश्रोत सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दैछ । कार्यक्रममा वडाभरिका ६ वटा विद्यालयबाट २/२ जनाको दरले १२ जना विद्यार्थी सहभागी छन् । कार्यक्रमको सञ्चालन वडासचिवले गर्दै हुनुहुन्छ । कार्यक्रममा छलफलको स्रोतव्यक्ति गुलरिया नगरपालिका राजश्व शाखाका अधिकृत सूर्यलाल यादव हुनुहुन्छ ।

**वडासचिवः** : सबैजनालाई नमस्कार। आदरणीय स्रोत व्यक्तिज्यू तथा प्यारा विद्यार्थी भाइवहिनीहरु ! स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थापित भएसँगै यसका विविध पक्षहरुको जानकारी प्राप्त गर्नु अत्यावश्यक छ । ती मध्ये आयस्रोत पनि एउटा महत्त्वपुर्ण पक्ष हो । आजको यो कार्यक्रम पनि त्यसैका आधारमा आयोजना गरिएको हो । विद्यार्थी भाइबहिनीहरुले आफूलाई लागेका जिज्ञासा पालैपालो निर्धक्क राख्न सक्नुहुनेछ । यहाँहरुका सबै प्रश्नको उत्तर आजका अतिथिले दिनुहुनेछ ।

ल सर्वप्रथम हात उठाउने कविता नानीलाई आफ्नो प्रश्न राख्न आग्रह गर्दछु ।

**कविता** : धन्यवाद, सबैजनालाई मेरो नमस्कार! अतिथिज्यू लाई मेरो प्रश्न यसप्रकार छः स्थानीय तह के लाई भनिन्छ ? कृपया बताइदिनुहोला ।

**सूर्यलाल** : धन्यवाद कविता नानी । गाउँपालिका र नगरपालिका लाई स्थानीय तह भनिन्छ । नेपालमा जम्मा ७५३ वटा स्थानीय तहहरु छन भने हाम्रो बर्दिया जिल्लामा ८ वटा स्थानीय तहहरु छन: ६ वटा नगरपालिका र २ वटा गाउँपालिका ।

**प्रकाश** : त्यसो भए हाम्रो गुलरिया नगरपालिका पनि स्थानीय तह हो सर ?

**सूर्यलाल** : हो नि! सही भन्नुभो भाइले । नेपालको संविधानले स्थानीय तहलाई जनताको सबैभन्दा नजिकको स्थानीय सरकारको रुपमा स्थापित गर्दै यसको कार्यक्षेत्राधिकार समेत फराकिलो बनाएको छ । सोही अनुसार जनतालाई सेवा प्रदान गर्न हाम्रो गुलरिया नगरपालिकाबाट पनि हरसम्भव प्रयासहरु भइरहेका छन् ।

**कमल** : त्यसो भए हाम्रो गुलरिया नगरपालिकाले के के कार्यहरु गर्दछ त ?

**सूर्यलाल** : नेपालको संविधान तथा कानुनले स्थानीय तहका काम, कर्तव्य र अधिकार तोकिदिएसँगै गुलरिया नगरपालिकाले शिक्षा, आधारभूत स्वास्थ्य, कृषि, सडक, खानेपानी, स्थानीयस्तरमा बिकास निर्माण, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, विपद् व्यस्थापन, न्याय सम्पादन, राजश्व सङ्कलन, स्थानीय सेवाको

व्यवस्थापन, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने आदि कार्यहरु गर्दछ ।

**आयुषा** : हामीलाई आ-आफ्नो घरखर्च चलाउन आम्दानिको स्रोत चाहिन्छ भने हाम्रो नगरपालिकालाई संविधान र कानुनले दिएको काम तथा जिम्मेवारी पूरा गर्न खर्च आवश्यक पर्दछ । यसका लागि गुलरिया नगरपालिकाको आम्दानीका स्रोतहरु के के छन त सर ?

**सूर्यलाल** : अति व्यावहारिक प्रश्न सोध्नुभयो बहिनीले । गुलरिया नगरपालिकाको मुख्य आम्दानीका स्रोतहरु अन्तर्गत आन्तरिक आय, राजश्व बाँडफाँड तथा रोयल्टी, सङ्घ र प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, सशर्त अनुदान तथा विशेष अनुदान रहेका छन् ।

**करुणा** : आन्तरिक आय अन्तर्गत के के पर्दछन त सर ?

**सूर्यलाल** : आन्तरिक आय अन्तर्गत स्थानीय कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर, दण्द जरिवाना, मनोरञ्जन कर पर्दछन् । अब म तपाईँहँरुलाई पनि प्रश्न सोध्छु है त ?

**सबै विद्यार्थी** : हवस् सर ।

**सूर्यलाल** : हामीले वडा कार्यालयबाट कुनै सिफारिस लिँदा तिरिने शुल्क स्थानीय तहको कुन आयस्रोत अन्तर्गत पर्दछ ?

**सृजना** : (हात उठाउँदै) आन्तरिक आयको सेवा शुल्क दस्तुर सर ।

**सूर्यलाल** : स्याबास, सही उत्तर दिनुभयो ।

**वडासचिव** : अब हामी कार्यक्रमको अन्त्यतिर आइपुगेका छौं । हाम्रो अनुरोधलाई स्वीकार गरी पाल्नुहुने अतिथिज्यू तथा विद्यार्थी भाइबहिनीहरुलाई हार्दिक धन्यवाद दिंदै कार्यक्रम यही समापन भएको घोषणा गर्दछु ।

## क्रियाकलाप

१. आफ्नो नजिकैको वडा कार्यालयमा गई जिम्मेवार व्यक्तिसँग स्थानीय कर अन्तर्गत के-के पर्दछन्, सोधखोज गरी प्राप्त विवरण कक्षामा साथीहरुलाई सुनाउनुहोस् ।

## अभ्यास

### १. जोडा मिलाउनुहोस:

| | |
|---|---|
| आन्तरिक आय | गाउँपालिका र नगरपालिका |
| स्थानीय तह | राजश्व शाखा अधिकृत |
| वडासचिव | कार्यक्रम सञ्चालक |
| स्रोतव्यक्ति | स्थानीय कर |

### २. तल दिइएका प्रश्नको उत्तर दिनुहोस:

(क) बर्दिया जिल्लामा कतिवटा स्थानीय तह छन ? त्यसमध्ये कति नगरपालिका र कति गाउँपालिका छन् ?

(ख) गुलरिया नगरपालिकाले गर्ने कार्यहरुको सूची बनाउनुहोस्।

(ग) गुलरिया नगरपालिकाको मुख्य आम्दानीका स्रोतहरु के-के हुन ? सूची बनाउनुहोस्।

(घ) गुलरिया नगरपालिकाको आन्तरिक आय अन्तर्गत के-के पर्दछन् ?

## परियोजना कार्य

तपाईंको नजिकका तीनओटा छिमेकीको घर जानुहोस् र उहाँहरुको परिवारको आम्दानीका स्रोतहरु र खर्चहरुको विवरण सङ्कलन गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस्।

## एकाइ २
## हाम्रो संस्कार, संस्कृति र परम्परा

**सिकाइ उपलब्धि:**

१. आफ्नो समुदायमा जन्म तथा मृत्यु संस्कारको परिचय दिन र महत्त्व भन्न,
२. व्रतबन्ध/मुण्डन तथा विवाह संस्कार (जन्ती, बरात, पैपुज्जी) को परिचय दिन र महत्त्व भन्न,
३. श्रीकृष्ण जन्माष्टमी, गुरुपूर्णिमा (व्यास जयन्ती, भौंरी), अट्वारी, अनत्तर (अनन्त चतुर्दशी), करुवा चौथ, रमजान लगायतका पर्वको परिचय दिन तथा महत्त्व भन्न र
४. नगरपालिका भित्रका प्रचलित रीतिरिवाज र परम्पराको महत्त्व भन्न







## पाठ १ हाम्रा संस्कारहरु

मिति २०८०/०१/०१
गुलरिया, बर्दिया

प्यारी साथी एन्जीला
धेरै धेरै सम्झना !

हामी यहाँ सपरिवार सञ्चै छौं । त्यहाँ तिमी पनि सञ्चै हौली भनि ईश्वरसँग प्रार्थना गर्दछु । तिमीले पठाएको चिठी पाएँ खुसी लाग्यो । चिठीमा तिमीले हाम्रो नगरपालिकाका मुख्य संस्कारहरुको बारेमा सोधेकी रहिछौ, म त्यसैको बारेमा लेख्दै छु ।



व्रतबन्ध संस्कार



मुण्डन संस्कार

मेरो हजुरबुवाले भन्नुभएको मानिस जन्मे देखी नमरुन्जेलसम्म विशेष अवसरमा गरिने कार्यहरु नै संस्कार हुन् । हाम्रो गाउँमा कसैको घरमा बच्चा जन्मिएमा छैठौं दिनमा छैटी गरिन्छ र एघारौं दिनमा न्वारन गरिन्छ । रमेश काकाको घरमा अस्ति व्रतवन्ध थियो, भिक्षा दिन जानु छ भन्दै आमा जानुभएको थियो । छोरा मान्छेले जनै लगाउने संस्कारलाई व्रतबन्ध भनिन्छ । अँ साँच्चि ! अनि हिजो अमन पोरवालको भाइको मुण्डनमा हामी सबैलाई प्रसाद खान आउने निम्तो थियो । कुनै बच्चाको पहिलोपटक सबै कपाल फाल्ने चलनलाई मुण्डन भनिन्छ । मुण्डन भएको बच्चालाई केही उपहार दिने र मुण्डनमा सहभागी पाहुनालाई मिठो हलुवापुरी खिर तरकारी खान दिइने रहेछ । अनि मलाई थाहा भएको अर्को संस्कार विवाह हो । विवाहमा केटा पक्षबाट दुलाहासँगै जाने सबैलाई जन्ती भनिन्छ । कसै कसैले बारात् पनि भन्दछन् । विवाहमा केटीको तर्फबाट जन्तीको धेरै मान सम्मान गरिन्छ ।



विवाह संस्कार



जन्ती (बारात)

अनि सुन न ! तिमीलाई थाहा नभएको अर्को संस्कार पनि छ। हाम्रो आशापुर भन्ने पल्लो गाउँमा एक महिना अगाडि खुसिया गोडियाको दिदीलाई उनको श्रीमानको घरमा लगेर उतै विवाह गरेर फेरि फर्काई आफ्नो घरमा ल्याए। यस्तो संस्कारलाई पै-पुज्जी भनिन्छ।



हाम्रो समुदायमा हुने जीवनको अन्तिम संस्कार भनेको मृत्यु संस्कार हो। मानिसको मृत्यु भएपछि कसैलाई आगोले जलाउने र कसैलाई जमिनमा गाड्ने चलन छ। अनि छोरा छोरीहरु किरिया बस्ने चलन हुन्छ तर यो चलन सुनीता, हसीना र प्रेमप्रकाशको घरमा फरक फरक छ।

मेरो हजुरबुवाले भन्नुभएको, यस्ता संस्कारहरुले हाम्रा रीतिरिवाज, परम्परा र धर्म संस्कृतिलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दछन्। त्यसैले यी संस्कारहरुको धेरै महत्त्व छ। परिवार र समाजमा सबैले गरेका क्रियाकलापहरु नयाँ पुस्ताले हेर्दछन् अनि सिक्दछन्। यसरी हाम्रा संस्कार संस्कृति जीवित रहन्छन्। उता अमेरिकामा के कस्ता संस्कार हुन्छन लेखि पठाऊ है। अहिलेलाई यति नै।

उही तिम्री साथी
रमिता यादव

## क्रियाकलाप

१. तपाईंको छिमेकमा कुन कुन संस्कारहरु छन् ? सूची बनाई कक्षामा साथीहरुलाई सुनाउनुहोस्।

## अभ्यास

### १. पाठ पढेर खाली ठाउँ भर्नुहोस:

(क) बालक जन्मिएको छैठौं दिनमा गरिने संस्कारलाई ………… भनिन्छ।

(ख) विवाहमा दुलहासँग जाने सबैलाई ……….. भनिन्छ।

(ग) बच्चाको पहिलोपटक पुरै कपाल फाल्ने संस्कार ……… हो।

(घ) जीवनको अन्तिम संस्कार ……… हो।

### २. तलका प्रश्नहरुको उत्तर दिनुहोस:

(क) संस्कार भनेको के हो ?

(ख) तपाईंको घरमा के कस्ता संस्कारहरु छन् ? सूची बनाउनुहोस्।

(ग) व्रतबन्ध भनेको कस्तो संस्कार हो ?

(घ) पै-पुज्जी भनेको के हो ?

## परियोजना कार्य

आफ्नो घरमा हुने कुन कुन संस्कारमा साथीहरुलाई बोलाउने गर्नुभएको छ ? साथीहरुको घरमा हुने कुन कुन संस्कारमा तपाईं जाने गर्नु भएको छ ? कक्षामा पालैपालो सुनाउनुहोस्।

## पाठ २ हाम्रा चाडपर्वहरु

गुरुआमा सुमन चौधरीले कक्षा सुरु गर्दै भन्नुभयो, हाम्रो गाउँ, टोल वा छिमेकमा विभिन्न चाडपर्वहरु मनाइन्छ । अब तपाईंहरुले आफ्नो गाउँ, टोल वा छिमेकमा मनाइने चाडपर्वहरुको बारेमा आफ्ना अनुभव पालैपालो सुनाउनुपर्छ है त ।

**रश्मी सुनार** : नमस्कार ! म रश्मी सुनार ! मेरो घर लक्ष्मण टोलमा पर्दछ । मेरो टोलमा धेरै जाति र धर्मका व्यक्तिहरु मिलेर बसेका छन । सबैले फरक फरक किसिमले आ-आफ्ना चाडपर्वहरु मनाउँछन् । हामीले एक महिना अगाडि श्रीकृष्णजन्माष्टमी पर्व मनायौँ । भगवान् श्रीकृष्णको जन्म भएको दिन भाद्र कृष्णाष्टमीमा यो पर्व मनाईन्छ । जन्माष्टमीको दिनभरि व्रत बसी रातीमा पूजा गरिन्छ।



**वसिम खान** : अस्सलाम आलेकुम ! मेरो नाम वसिम खान हो । म बागेश्वरी टोलमा बस्छु । म इस्लाम धर्म मान्ने मुस्लिमहरुको मुख्य पर्व रमजान र इदका बारेमा केही भन्न चाहन्छु । हिजरी सम्वत्को नवौं महिनालाई रमजान भनिन्छ । मुस्लिमहरु रमजान महिनाभरि व्रत बस्दछन् । जसलाई रोजा भनिन्छ । यसमा व्रत बस्ने मानिसहरुले सूर्य नउदाउँदै सहरी खान्छन्, दिनभरि पानी पनि नखाइ व्रत बस्दछन् र साँझ सूर्य अस्ताइसकेपछि इफ्तार खाई व्रत वा रोजा खोल्दछन् । एक महिनाको लामो व्रत पछि अन्तिम दिन इद मनाउँछन् । इदमा मुस्लिमहरु नमाज पढ्छन, दान गर्छन, नयाँ कपडा लगाउँछन, मिठो खानेकुरा पकाइ खान्छन् र आफन्त कहाँ जान्छन् । टाढा-टाढा बस्ने परिवारका सदस्यहरु एकै ठाउँमा जम्मा हुन्छन् । यसले आपसी प्रेम र सद्भाव बढ्दछ ।



**बबिता चौधरी**: नमस्कार ! मेरो नाम बबिता चौधरी हो । मेरो घर सुहेलवा गाउँमा रहेको छ । आज म थारु समुदायमा मनाइने अनन्त चतुर्दशी र अटवारी पर्वका बारेमा बताउँदै छु । अनन्त चतुर्दशीलाई थारु भाषामा अनत्तर पनि भनिन्छ । यो पर्व भाद्र शुक्ल चतुर्दशीका दिन मनाईन्छ । यस दिन व्रत बसी भगवान अनन्त (विष्णु) को पुजा आराधना गरिन्छ । त्यसैगरी कुशे औंशी पछिको पहिलो आइतवार थारु समुदायमा अटवारी पर्व मनाइन्छ । यस दिन दीर्घायू, सुस्वास्थ्य र सुखमय जीवनको कामना सहित पुरुषहरु निराहार व्रत बस्दछन र भिमसेनको पुजा गर्दछन् ।



**पुजा गुप्ता** : नमस्कार ! मेरो नाम पुजा गुप्ता हो । म आशापुर गाउँमा बस्छु । आज म हाम्रो समुदायमा मनाइने करवाचौथ र गुरु पूर्णिमा पर्वको बारेमा बताउँदै छु । करवाचौथमा महिलाहरुले आफनो पतिको लामो आयुका लागी दिनभरि केहि पनि नखाइ व्रत बस्दछन र रातीमा चन्द्रमालाई छलनी (चाल्नो) बाट हेरी व्रत तोड्ने गर्दछन् । टोलका सबै महिलाहरु एकै स्थानमा भेला भइ सामुहिक पुजा गर्दछन् । यस पर्वले श्रीमान श्रीमतीबिच प्रेम र सद्भाव बढाउँछ । त्यसैगरी आषाढ शुक्ल पूर्णिमाका दिन गुरु पूर्णिमा मनाईन्छ । यस दिन आफूलाई शिक्षादिक्षा दिने गुरुहरुप्रति श्रद्धा व्यक्त गर्दै उनीहरुलाई सम्मान गरिन्छ । यस दिन महर्षि वेदव्यासको जन्मदिन भएकाले यसलाई व्यास पूर्णिमा भनिन्छ । यस दिन पिठोको डल्लो वा रोटीलाई गुइँठाको आगोमा पोलेर पकाइको विशेष परिकार भौंरीलाई गुड, आलसको चटनी र पाकेको आँपसँग खाइन्छ । त्यसकारण यस दिनलाई स्थानीय समुदायले भौंरी पनि भन्ने चलन छ ।





**गुरुआमा** : सबै भाइबहिनीलाई धन्यवाद ! हामीहरुले आज धेरै चाडपर्वहरुको बारेमा जान्ने मौका पायौँ । यस्ता चाडपर्वहरुले मानवीय सम्वन्धलाई अझ प्रगाढ बनाउने गर्दछन् । परिवार र समाजमा आत्मीयता, माया र सद्भाव बढाई मानिसरुलाई थप खुसी प्रदान गर्दछन् । त्यसैले यी चाडपर्वहरुको धेरै महत्त्व छ ।

## क्रियाकलाप

१. तपाईँको छिमेकमा पाठमा दिइए जस्तै अरु के-कस्ता चाडपर्वहरु मनाइन्छ ? खोजी गर्नुहोस् र तलको जस्तै तालिकामा लेख्नुहोस् ।

| समुदायमा मनाइने चाडपर्वहरु | चाडपर्वमा गरिने मुख्य कार्यहरु |
|---|---|
| १ ............................................ | १ ............................................ |
| २ ............................................ | २ ............................................ |
| ३ ............................................ | ३ ............................................ |
| ४ ............................................ | ४ ............................................ |
| ५ ............................................ | ५ ............................................ |

## २. तलका चित्रहरु कुन चाडपर्वसँग सम्बन्धित छन् लेख्नुहोस् ।






## अभ्यास

### १. जोडा मिलाउनुहोसः

| | |
|---|---|
| इद | गुइँठाको आगोमा पोलेर पकाइएको पिठोको डल्लो |
| अटवारी | विवाहित महिला |
| भौंरी | रमजानको अन्तिम दिन |
| करवाचौथ | पुरुषहरु निराहार व्रत बस्ने दिन |

### २. तलका प्रश्नहरुको उत्तर दिनुहोसः

(क) श्री कृष्णजन्माष्टमी पर्व कहिले र किन मनाइन्छ ?

(ख) इस्लाम धर्मको सबैभन्दा मुख्य पर्व कुन हो ?

(ग) सबै चाडपर्वहरुमा के समानता छ ? कुनै २ वटा समानताहरु लेख्नुहोस् ।

(घ) चाडपर्व मनाउँदा हुने ४ वटा फाइदाहरु लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा अन्य के कस्ता चाडपर्वहरु मनाइन्छन् । तिनीहरुको विवरण सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ ३ हाम्रो नगरपालिकाका सांस्कृतिक सम्पदाहरु

हाम्रो देश बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक देश भएको हुनाले मठ मन्दिर, गुम्बा चैत्य, मस्जिद, चर्च जस्ता धार्मिक स्थलहरु छन् । हाम्रा धार्मिक स्थल, भेषभुषा, लोकगीत तथा लोकबाजा हाम्रा सांस्कृतिक सम्पदाहरु हुन् । यस्ता सांस्कृतिक सम्पदाहरु गुलरिया नगरपालिकाभित्र पनि प्रशस्त छन् । हाम्रो नगरपालिकाभित्रका केहि मुख्य सांस्कृतिक सम्पदाहरु तल तालिकामा दिइएका छन् :



कोटही देवी मन्दिर



लक्ष्मीनारायण तोताद्रिमठ

१. हाम्रो नगरपालिकाभित्रका धार्मिक स्थलहरु

| क्र. सं. | धार्मिक स्थलहरु | वडा नम्वर |
|---|---|---|
| १ | बगलामुखी मन्दिर | ७ |
| २ | कोटही मन्दिर | ४ |
| ३ | सन्तोषी मन्दिर | ५ |
| ४ | वेदव्यास कृष्ण मन्दिर | ६ |
| ५ | गौरीशङ्कर मन्दिर | ६ |
| ६ | गायत्री शक्ति पिठ | ८ |
| ७ | सुन्नी जामा मस्जिद | ६ |
| ८ | नेपाली जामा मस्जिद | ७ |
| ९ | शान्तिनिवास एजी चर्च | ५ |
| १० | मातङ्गी देवी मन्दिर | ५ |
| ११ | पर्वतीया मन्दिर | १ |
| १२ | लक्ष्मीनारायण तोताद्रिमठ | ४ |
| १३ | खण्डवावा मन्दिर | १ |
| १४ | मुक्तेश्वर महादेव मन्दिर | १० |
| १५ | श्रीकृष्ण प्रणामी मन्दिर | ४ |
| १६ | श्री ब्रह्माकुमारी विश्वविद्यालय | ५ |
| १७ | रामबाग बगीया थारु संग्राहलय | ५ |
| १८ | राधाकृष्ण मन्दिर | ६ |



बगलामुखी मन्दिर




नेपाली जामा मस्जिद

हाम्रो नगरपालिकाभित्रका समुदायमा प्रचलित मुख्य भेषभूषाहरु

| समुदाय | महिला | पुरुष |
|---|---|---|
| १. मधेसी | सारी, ब्लाउज | सर्ट पाइन्ट, कुर्ता, धोती |
| २. थारु | लेहेङ्गा चोल्या, अघ्रान, गोन्या | कमिज, सर्ट, भेगुवा, धोती |
| ३. मुस्लिम | कुर्ता सुरुवाल, वुर्का, हिजाव | कुर्ता पाइजामा, कमिज लुङ्गी, सर्ट, पाइन्ट |
| ४. पहाडी (ब्राह्मण/क्षेत्री) | सारी ब्लाउज, चोलो, कुर्ता सुरुवाल | दौरा सुरुवाल, सर्ट, पाइन्ट, टोपी |
| ५. मगर | गुन्यु चोलो, पटुका, घलेक | कछाड, भोटो, इस्टकोट |




दौरा सुरुवाल



सारी चोलो



गुन्यु चोली



धोती

२. हाम्रो नगरपालिकाभित्र प्रचलित लोकगीत र लोकबाजाहरु

| समुदाय | लोकगीत | लोकबाजा |
|---|---|---|
| १. मधेसी | सोहर, विराहा, होरी | बाँसुरी, ढोलक |
| २. थारु | सखीया, मघौटा, मांगर | मादल, झ्याली, करतार |
| ३. पहाडी (ब्राह्मण/क्षेत्री) | झ्याउरे, तिज, असारे | मादल, खैंजडी, बाँसुरी |
| ४. मगर | कौरा, झ्याउरे | मादल, खैंजडी, बाँसुरी |
| ५. मुस्लिम | सेहरा, मर्सिया, नात सरीफ | ढोलक, तासा, झांज |



मादल



बाँसुरी



ढोलक



झ्याली

हाम्रो देश नेपाल धार्मिक र सांस्कृतिक विविधताका लागि प्रसिद्ध छ। विविधतामा एकता हाम्रो पहिचान हो। हाम्रो नगरपालिकामा पनि विविध धर्म र संस्कृति मान्ने मानिसहरु एकआपसमा मिलेर बसेका छन्। हामीले हाम्रा धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्धन गर्नुपर्दछ र हाम्रा भावी पुस्तालाई पनि सिकाउनु पर्दछ। यी सम्पदाहरु हाम्रा गौरव र चिनारी हुन्, त्यसैले यिनको धेरै महत्त्व छ।

## क्रियाकलाप

१. तपाईँको समुदायमा रहेका कुनै तिन वटा धार्मिक स्थलको नाम लेखी त्यहाँ हुने गतिविधि समेत टिपोट गर्नुहोस् र कक्षामा साथीहरुलाई सुनाउनुहोस्।

२. तपाईंको समुदायमा गाइने कुनै लोकगीत समुहमा सबै मिली गाउनुहोस् र हाउभाउ सहित भाव व्यक्त गर्नुहोस्।

## अभ्यास

### १. तलका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न लगाउनुहोस्।

(क) शान्तिनिवास एजी चर्च गुलरिया नगरपालिका वडा नम्वर ५ मा रहेको छ।

(ख) थारु समुदायका पुरुषको पोसाक सर्ट भेगुवा हो।

(ग) मांगर मधेशी समुदायको लोकगीत हो।

(घ) बुर्का मुस्लिम महिलाको पोसाक हो।

### २. तलका प्रश्नको उत्तर दिनुहोस:

(क) सांस्कृतिक सम्पदा भनेको के हो ?

(ख) हाम्रो नगरपालिकाभित्र रहेका कुनै पाँच वटा धार्मिक सम्पदाको नाम लेख्नुहोस्।

(ग) सांस्कृतिक सम्पदाको कुनै चार वटा महत्त्व लेख्नुहोस्।

(घ) सांस्कृतिक सम्पदा संरक्षण गर्ने कुनै तीन वटा उपायहरु लेख्नुहोस्।

## परियोजना कार्य

आफ्नो समुदायमा रहेका कुनै पाँच वटा धार्मिक स्थल, विभिन्न समुदायका पोसाकहरु र लोकबाजाहरुको चित्र सङ्कलन गरी चार्ट पेपरमा टाँसी कक्षामा प्रस्तुत गर्नुहोस्।

एकाइ : तीन

# स्थानीय पेशा व्यवसाय र प्रविधि

**सिकाइ उपलब्धि:**

१. परम्परागत हस्तकलाबाट बनाइने बस्तुहरुको नामसहित पहिचान गर्न,
२. कृषि उत्पादनसँग सम्वन्धित सामान्य सिपको बारेमा भन्न र
३. मौसमी तथा बेमौसमी कृषि उत्पादनहरुको बजारीकरण र भण्डारणबारे जान्न ।







## पाठ १ हाम्रो गुलरिया, हाम्रो हस्तकला

**चित्र हेरी तल दिइएका प्रश्नको उत्तर दिनुहोस् ।**










**प्रश्नहरु**

१. चित्रमा देखाइएका सामग्रीहरु पहिचान गरी नाम बताउनुहोस् ।

२. चित्रमा देखाइएका सामग्रीहरु के के कामका लागि प्रयोग गरिन्छ ?

३. चित्रमा देखाइएका सामग्रीहरु मध्ये तपाईंको घरमा कुन-कुन सामग्रीहरु प्रयोग गर्नुहुन्छ ?

हस्तकला भनेको हातको सिप हो । हातबाट निर्मित दैनिक जीवनमा प्रयोग गर्न वा सजाउन प्रयोग गरिने सामग्रीलाई हस्तकलाका सामग्री भनिन्छ । हस्तकलाका सामग्री निर्माण गर्दा परम्परागत सिप, स्थानीय सामग्री र सरल औजारको प्रयोग गरिन्छ । हाम्रो गुलरिया नगरपालिकामा बिभिन्न जातजातीहरुको बसोबास रहेको हुँदा यहाँ आफ्नो जातीय कला र परम्परागत सिप प्रयोग गरी बनाइएका हस्तकलाका विभिन्न सामग्रीहरु देख्न सक्छौँ । ती मध्ये माथि चित्रमा देखाइएका सामग्रीहरुको परिचयात्मक जानकारी तल प्रस्तुत गर्दैछौँ ।

### १. बिर्रा

बिर्रा बाबियोलाई गोलाकार बनाई त्यसको वरिपरि सनपाटको मसिनो डोरीले बेरेर बनाइन्छ । यसको मोटाइ करिब तीन इन्च रहेको हुन्छ । बिर्रालाई टाउकोमाथि राखेर त्यसमाथि कुनै वस्तु राखी सहज तरीकाले बोक्न प्रयोग गरिन्छ ।

२. **चुल्हो**

चुल्हो लगभग एक फिट अग्लो तथा अर्धगोलाकार बनोट भएको हुन्छ । यो माटो र भुसा प्रयोग गरी बनाइन्छ । यसमा  आगो बालेर खाना पकाउने काम गरिन्छ ।

३. **जाँतो (चकिया)**

जाँतो बलियो खाले ढुङ्गाबाट बनाइएको हुन्छ । यसमा दुईटा चेप्टा गोलाकार ढुङ्गा रहन्छन् । माथिल्लो ढुङ्गालाई हातको सहायताले त्यसको बिँड समाएर घुमाइन्छ । यो दाल, चामल, मकै आदि पिस्न प्रयोग गरिन्छ ।

४. **सिलौटो**

सिलौटो चेप्टो ढुङ्गाबाट बनाइएको हुन्छ । यो भान्साघरमा बिभिन्न मसला तथा अचार पिस्ने काममा प्रयोग गरिन्छ । सिलौटोमा पिस्नका लागि एउटा लाम्चो तथा गोलाकार ढुङ्गाको प्रयोग गरिन्छ जसलाई लोहोरो भनिन्छ ।

५. **ढिकी**

ढिकी विशेष गरी काठबाट बनाइएको हुन्छ र यसलाई दुई खाँवाको बिच भागमा प्वाल पारेर अड्याइएको हुन्छ । ढिकीको अघिल्लो भागमा एक हात जति लामो काठ जोडिएको हुन्छ, जसलाई मुस्ली भनिन्छ। मुस्ली जोडे नजिकको जमिनमा खोपिल्टो हुन्छ । खोपिल्टोमा धान, गहुँ वा कुनै अन्न राखिन्छ । पछाडिपट्टि खुट्टाको पैतालाले थिचेर उचाल्दै छाड्ने गरिन्छ । फलस्वरुप मुस्लीले खोपिल्टोमा रहेको अन्नलाई हिर्काउँदै कुट्ने कार्य गर्दछ । यो प्रकृयामा खोपिल्टोमा राखिएको अन्नलाई हातले सावधानीपूर्वक चलाएर एकनासले पिसिन्छ ।

६. **ओखली मुसल (पहरुवा)**

ओखली ढुङ्गा, काठ तथा धातुबाट बनेको हुन्छ र यसको बिचमा खाल्डो परेको हुन्छ । यसमा विभिन्न अन्न तथा खाद्यपदार्थ राखेर मुसलले उचालेर हिर्काउँदै कुट्ने पिस्ने गरिन्छ ।

७. **डेहेरी**

डेहेरी चिम्टाइलो माटो र भुसाबाट ठूलो भाँडो आकारमा बनाइन्छ । विशेष गरी थारु समुदायले धान, चामल, गहुँ तथा अन्य अन्नबालीहरु राख्न यसको प्रयोग गर्ने गर्दछन् ।

८. **घैंटो (मटका)**

घैंटो गाग्री आकारको डल्लो भाँडो हो । यो माटोबाट बनाइन्छ । यो पानी राख्न प्रयोग गरिन्छ । घैंटोलाई विशेष गरी पूजाआजामा प्रयोग गरिनुका साथै शुभ कर्म गरिँदा घडाको रुपमा सजाउने प्रचलन रहेको छ । यसका साथै दशैंको घटस्थापनाका दिन माटोको घैंटोमा जल भरेर विभिन्न पवित्र वनस्पतिहरुको पात राखी रङ्गी विरङ्गी बनाएर देवस्थल तथा घरको पूजा कोठामा नवमीका दिनसम्म राखिन्छ र दशैंका दिन यही घडाको जलले अभिषेक गरिन्छ ।

## क्रियाकलाप

१. तपाईंले जानेको कुनै एउटा हस्तकलाको सामग्री बनाई कक्षाकोठामा प्रदर्शन गर्नुहोस्।

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

क) भान्सामा मसला पिस्न .......... को प्रयोग गरिन्छ।

ख) ओखलीमा अन्न राखेर .......... ले हिर्काउँदै कुट्ने गरिन्छ।

ग) चुल्होमा आगो बालेर ........... काम गरिन्छ।

घ) जाँतोमा ......... गोलाकार चेप्टा ढुङ्गा रहन्छन्।

### २. तल दिइएका प्रश्नको उत्तर दिनुहोसः

क) हस्तकलाका सामग्री के लाई भनिन्छ ? कुनै दुइवटाको नाम लेख्नुहोस्।

ख) बिर्रा कस्तो आकारको हुन्छ ? यसको प्रयोग कुन जातिमा गरिन्छ ?

ग) ढिकीको सफा चित्र बनाई यसको बनावट छोटकरीमा लेख्नुहोस्।

घ) डहेरीको प्रयोग के का लागी गरीन्छ ?

## परियोजना कार्य

तपाईंको घरमा रहेका परम्परागत हस्तकलाबाट निर्मित पाँचवटा सामग्रीहरुको चित्र बनाई तिनीहरु के-के काममा प्रयोग गरिन्छ। उल्लेख गर्नुहोस र कक्षामा प्रस्तुत गर्नुहोस्।

## पाठ २ खेतबारीको तयारी

हर्षु काका हातमा फरुवा लिएर खेततिर जाँदै हुनुहुन्छ । बाटोमा उहाँको भेट भानोदय आधारभूत विद्यालय बेचैपुरको कक्षा ५ मा पढ्ने  छिमेकी नानी प्रसृतासँग हुन्छ । प्रसृता निकै जिज्ञासु स्वभावकी छिन् । उनले काकासँग गरेको कुराकानीको अंश पढ्नुहोस् ।

**प्रसृता** : ओहो ! काका नमस्ते । फरुवा बोकेर कहाँ जाँदै हुनुहुन्छ ?

**हर्षु** : नमस्ते नानी । म त खेततिर जाँदैछु ।

**प्रसृता** : किन नि काका ?

**हर्षु** : धान खेती गर्ने समय पनि आउँदैछ । खेती गर्नुभन्दा अगाडि खेतवारीको तयारी पनि गर्नु पर्यो । त्यसैले खेतमा आली लगाउन हिँडेको नानी म त ।

**प्रसृता** : त्यसो भए खेतवारीमा खेती गर्नुभन्दा अगाडि अरु के-के तयारी गर्नुपर्दछ त ? चरणवद्धरुपमा बताइदिनुहोस न काका ।



**हर्षु** : ल सुन नानी ! आली लगाइसकेपछि खेतवारीलाई राम्रो सँग मसिनो हुनेगरी जोत्नुपर्छ । त्यसपछि माटोको तयारी तथा उपचार गर्नुपर्दछ । यस अन्तर्गत माटोमा भएका ढुङ्गा, झारपात तथा अन्य अनावश्यक चिजहरु हटाउने, माटोमा रहेका हानिकारक रोगजन्य जिवाणु, किरा, अन्डा तथा लार्भाहरु नष्ट गर्न माटोको जैविक तथा रासायनिक उपचार गर्ने कार्यहरु पर्दछन् । त्यसपछि खेतवारीमा सिचाइको भरपर्दो व्यवस्था गर्नुपर्दछ । माटोको उर्वराशक्ति बढाउन प्राङ्गारिक मल र

आवश्यकतानुसार रासायनिक मलको प्रयोग गर्नुपर्दछ। कृषि प्राविधिकको सल्लाह अनुसार उन्नत र राम्रो जातको बिउबिजन छनौट गरी बाली लगाउनु पर्दछ।

**प्रसृता** : अहो ! हजुरले त खेतबारीमा बाली लगाउनु भन्दा पहिला गरिने तयारीका बारेमा कस्तो छर्लङ्ग पारेर बताइदिनुभयो। हजुरलाई धेरै धेरै धन्यवाद काका।

**हर्षु** : हुन्छ नानी। तिमीलाई पनि धन्यवाद।

(कुराकानीपछि हर्षु काका खेतमा आली लगाइरहनु हुन्छ भने प्रसृता भने विद्यालयतर्फ लागिन्।)

## क्रियाकलाप

१. हर्षु काका र प्रसृताबिच भएको कुराकानीलाई कक्षामा एकजना हर्षु काका र अर्को एक जना प्रसृता भएर अभिनय गर्नुहोस्।

## अभ्यास

### १. तलका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न लगाउनुहोस।

(क) हर्षु काका धान खेतीका लागि तयारी गर्दै हुनुहुन्छ।

(ख) आली लगाईसकेपछि माटोको तयारी तथा उपचार गर्नुपर्दछ।

(ग) माटोको उर्वराशक्ति बढाउन रासयनिक मलको मात्र प्रयोग गर्नुपर्दछ।

(घ) खेतवारीमा सिँचाईको भरपर्दो व्यवस्था हुनुपर्दछ।

### २. तल दिइएका प्रश्नको उत्तर दिनुहोस:

क) माटोको तयारी तथा उपचार अन्तर्गत के के कार्यहरु पर्दछन?

ख) खेतवारीमा खेती गर्नुभन्दा अगाडि के के तयारी गर्नुपर्दछ ? सूची बनाउनुहोस।

ग) बाली लगाउँदा कस्तो बिउबिजन छनौट गर्नुपर्दछ ?

घ) गुलरिया नगरपालिकामा खेती गर्दा खेतबारीमा पानी लगाउनका लागि के कस्ता विधिहरु अपनाइन्छ ?

## परियोजना कार्य

धानको ब्याड राख्नु भन्दा अगाडी खेतवारीमा गरिने तयारीका बारेमा आफ्ना अभिभावक वा जान्ने व्यक्तिसँग सोधखोज गरी विवरण सङ्कलन गर्नुहोस र प्राप्त विवरण कक्षामा साथीहरुलाई सुनाउनुहोस्।

(यदि खेतीबालीको समय छ भने विद्यार्थीहरुलाई खेतमै लगेर अवलोकन गराउने र संभव भएसम्म शुक्रबारका दिन सहकार्यकलापका रुपमा यस प्रकारको कार्यकलापमा सहभागी गराउनुहुन सम्बन्धित विषय गुरुआमामा अनुरोध छ।)

# पाठ ३ कृषि उत्पादनहरुको बजारीकरण र भण्डारण

**चित्र हेरी तल दिइएका प्रश्नको उत्तर दिनुहोस् ।**








**प्रश्नहरु**

१. चित्रमा देखाइएका कृषि उपजहरु पहिचान गरी नाम बताउनुहोस् ।

२. चित्रमा देखाइएका कृषि उपजहरु कुन कुन मौसममा उत्पादन गरिन्छ ?

३. तपाईंले बढी उत्पादन भएको कृषि उपज के गर्नुहुन्छ ?

कृषि उत्पादन मौसमी र बेमौसमी गरी दुइ किसिमका हुन्छन् । मौसम अनुसार उत्पादन गरिने कृषि उपजलाई मौसमी कृषि उत्पादन भनिन्छ भने उपयुक्त मौसम भन्दा केही महिना अघि वा पछि उत्पादन गरीने कृषि उपजलाई बेमौसमी कृषि उत्पादन भनिन्छ । बेमौसमी कृषि उत्पादनमा विशेषगरी तरकारी उत्पादन अग्रस्थानमा रहेको छ ।

### कृषि उपजको बजारीकरण

कृषकले विभिन्न किसिमका मौसमी तथा बेमौसमी कृषी उपजहरु उत्पादन गरेर मात्र हुँदैन त्यसको बजारीकरण पनि आवश्यक हुन्छ । विशेष गरी तरकारी खेती गर्ने कृषकले तरकारीको बजारीकरणमा तरकारीको प्रकृति अनुसार योजना तय गर्नुपर्ने हुन्छ । आलु, पिंडालु, प्याज जस्ता तरकारी उपजहरु केही समयसम्मका लागि नबेची पनि सञ्चय गरेर राख्न सकिन्छ भने गोलभेंडा, काक्रा, बोडी, हरियो साग, रामतोरिया जस्ता तरकारी उपजहरु बारीबाट टिप्नासाथ बिक्रिवितरण गर्न सकिएन भने सड्ने खतरा हुन्छ । तसर्थ कृषकले तरकारी उत्पादनमात्र राम्रो तरिकाले गरेर हुँदैन तरकारीको सहि बजार पहिचान तथा सहि तरिकाले बजारीकरण गर्न सक्नुपर्दछ । अन्यथा तरकारी खेतीबाट आशा गरिएको उपलब्धि पाउनको सट्टा कहिलेकाहीं घाटा खाने सम्भावना पनि रहन्छ ।



गुलरियाको हाटबजारको दृश्य

सामान्यतया तरकारी लगायत कृषि उपजको बजारीकरणका तिन वटा प्रकृयाहरु छन, ती निम्नानुसार छन् :

१. **प्रत्यक्ष बिक्री** : सानो परिमाणमा तरकारी उत्पादन गर्ने कृषकहरुले आफ्नो तरकारी उपज हाट बजार वा गाउँस्तरको बजारमा उपभोक्तालाई सिधै बिक्री गर्ने गर्दछन् ।

२. **थोक बिक्री** : ठूलो परिमाणमा तरकारी उपज उत्पादन गर्ने कृषकहरुको तरकारी उपज थोक व्यापारीहरुले उत्पादनस्थलबाटै खरिद गर्दछन् । ती व्यापारीहरुले सीमित मुनाफा सहित खुद्रा व्यापारीहरुलाई सो तरकारी बिक्री गर्दछन भने खुद्रा व्यापारीहरुले स्थानीय ठाउँहरुमा लगेर उपभोक्तालाई तरकारी बेच्दछन् ।

३. **सहकारी/सङ्कलन केन्द्र** : गाउँगाउँमा कृषि सहकारी संस्थामार्फत त्यस क्षेत्रका कृषि उपजहरुलाई सामुहिक रुपमा सङ्कलन केन्द्रमा सङ्कलन गरीन्छ । यसरी सङ्कलित तरकारी लगायत कृषि उपजलाई सोही संस्थामार्फत बिक्री गरिन्छ ।

### कृषि उपजको भण्डारण

कृषि उपजको ताजापनलाई सुरक्षित गरी पछिसम्म उपभोग गर्न सकिने गरी राख्ने तरिकालाई भण्डारण भनिन्छ । खेतवारीमा उत्पादन गरेको तरकारी लगायत कृषि उपजलाई भण्डारण गर्दा लामो अवधिसम्म सुरक्षित राखेर पछिसम्म प्रयोग गर्न वा बेमौसममा बेचबिखन गर्न सकिन्छ । यसरी बेचबिखन गर्दा राम्रो मुल्य पाउन सकिन्छ।



कृषि उपज चिस्यान केन्द्र, कोहलपुर

तरकारी लगायत कृषि उपजहरुको भण्डारण निम्नानुसार गर्न सकिन्छः

१. चिसो ठाउँमा वा चिस्यान केन्द्रमा तरकारी लगायत कृषि उपजलाई राखेर भण्डारण गर्न सकिन्छ ।
२. तरकारी लगायत कृषि उपजलाई सुकाएर भण्डारण गर्न सकिन्छ। जस्तैः सुकाएको साग, मस्यौरा आदि ।
३. सिमी, भटमास, बोडी, तनेबोडी आदिका हरिया कोसाहरु डब्बामा बन्द गरेर भन्डारण गर्न सकिन्छ ।
४. शरीरलाई हानी नगर्ने खालका रासायनिक पदार्थहरु प्रयोग गरेर तरकारी लगायत कृषि उपजलाई सुरक्षित ठाउँमा भण्डारण गर्न सकिन्छ ।

### क्रियाकलाप

१. तपाईंको घरमा उत्पादन गरिने बेमौसमी कृषि उपजहरुको सूची बनाई कक्षामा साथीहरुलाई सुनाउनुहोस् ।

## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| वेमौसमी | सुरक्षित राख्नु |
| मौसमी | प्रतिकूल मौसम |
| बजारीकरण | अनुकूल मौसम |
| भण्डारण | बिक्रीवितरण |

**२. तल दिइएका प्रश्नको उत्तर दिनुहोस ।**

(क) बेमौसमी कृषि उत्पादन भनेको के हो ? यस अन्तर्गत कुन कृषि उपजको उत्पादन सबैभन्दा बढि गरिन्छ ?

(ख) कृषि उपजको बजारीकरणका कति वटा प्रक्रिया छन र ती के-के हुन ?

(ग) भण्डारण भनेको के हो ? यसका कुनै दुईवटा फाइदा लेख्नुहोस् ।

(घ) तरकारी लगायत कृषि उपजहरुको भण्डारण गर्ने कुनै ४ वटा तरिकाहरु उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको गाउँ/टोलमा गरिएका ३ वटा तरकारी खेती अवलोकन गर्नुहोस् । त्यहाँको उत्पादन बजारीकरणका लागि अवलम्बन गरिएको प्रक्रियाको बारेमा तरकारी उत्पादकसँग विवरण सङ्कलन गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

## एकाइ: चार

## हरियाली विद्यालय र स्वच्छ नगर

**सिकाइ उपलब्धि:**

१. नगरपालिकामा पाइने हरियाली क्षेत्रको महत्त्व वर्णन गर्न,
२. बालबगैंचा र वृक्षारोपणमा सहभागी हुन,
३. नगरपालिका क्षेत्रमा पाइने हरियाली क्षेत्रको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न,
४. स्थानीय क्षेत्रमा फोहरमैलाको व्यवस्थापनका उपायको खोजी गर्न र
५. नगरपालिका क्षेत्रमा भएका जलस्रोतको प्रदुषणका कारण र असर पहिचान गर्न ।







## पाठ १ हरियाली क्षेत्र

हरियाली क्षेत्र भन्नाले हरिया रुखबिरुवा तथा वनजङ्गल रहेको क्षेत्र बुझिन्छ । हाम्रो गुलरिया नगरपालिकामा बिभिन्न किसिमका हरियाली क्षेत्र देख्न सकिन्छ । जस मध्ये वनजङ्गल, उद्यान, फूलवारी, बगिया तथा कृषिबाली प्रमुख रहेका छन् । यहाँ धेरै जसो ठाउँहरुमा हरियाली वन क्षेत्रहरु छन् । अधिकांश वनक्षेत्रहरु समुदायबाट संरक्षित र सञ्चालित छन जसलाई हामी सामुदायिक वन भन्दछौँ। रामवजार महिला सामुदायिक वन, टप्पर सामुदायिक वन, थारु सामुदायिक वन, लक्ष्मीपुर फाँटा महिला सामुदायिक वन, कोठिया महिला सामुदायिक वन, भृकुटी महिला सामुदायिक वन, संगम सामुदायिक वन, हरियाली सामुदायिक वन आदि यहाँका प्रमुख सामुदायिक वनहरु हुन् । यी वनक्षेत्रको हरियालीले हाम्रो नगरको प्राकृतिक सौन्दर्यता बढाएको त छ नै, अर्को तर्फ हाम्रो वातावरणलाई स्वच्छ र स्वस्थ राख्न मद्दत गरेको छ । स्थानीयहरुलाई घाँसपात तथा दाउरा गर्न निकै सजिलो बनाउँदै उनीहरुको आयआर्जनमा सहयोग पुऱ्याएको छ । त्यसै गरी नदी किनारका हरियाली क्षेत्रले भू-क्षय हुनबाट जोगाएका छन् । यसले हरियाली क्षेत्रको निकै महत्त्व रहेको देखाउँछ । त्यसै गरी हाम्रो नगरभित्र विभिन्न ठाउँमा स्थापना गरिएका उद्यान, फूलवारी, निजी बगियाहरुले पनि हरियाली क्षेत्रको वृद्धिमा भूमिका खेलेका छन् ।

हरियाली क्षेत्र हाम्रा प्राकृतिक सम्पदा हुन् । यिनीहरुको जति संरक्षण गऱ्यो त्यति नै फस्टाउने मौका पाउँछन् । यस प्रकारका सम्पदाहरुको संरक्षणमा स्थानीय समुदाय, युवा, विद्यार्थी तथा सरोकारवाला सबैको महत्त्वपूर्ण भूमिका रहन्छ। हरियाली क्षेत्र संरक्षणका लागि यसको महत्त्व दर्शाउँदै जनचेतना जगाउने, सामूहिक वृक्षारोपण गर्ने, सिचाइको उचित प्रबन्ध गर्ने, छाडा चौपाया तथा चोरी शिकारीबाट जोगाउन तारबार गर्ने, विभिन्न



गुलरिया गाउँमा अवस्थित प्रसिद्ध आम बगिया

श्रोतबाट निस्कने फोहरमैलाको उचित व्यवस्थापन गर्ने कार्यहरु गर्नुपर्दछ । त्यसै गरी सार्वजनिक संस्थाहरुले आफ्नो क्षेत्रभित्र हरियाली कार्यक्रम अन्तर्गत वृक्षारोपण, फूलवारी निर्माण जस्ता कार्यहरु सञ्चालन गरी वरिपरिको वातावरण सुन्दर र स्वच्छ बनाउन सहयोग गर्नुपर्दछ ।

**क्रियाकलापः**

तल तालिकामा दिइएका सामुदायिक वनहरु गुलरिया नगरपालिकाको कुन-कुन वडामा रहेका छन, सोधखोज गरी तालिकामा भर्नुहोस्।

| क्र.सं. | सामुदायिक वनको नाम | वडा नम्वर |
|---|---|---|
| १ | रामबजार महिला सामुदायिक वन | |
| २ | थारु सामुदायिक वन | |
| ३ | नेपाल केदवाइ सामुदायिक वन | |
| ४ | लक्ष्मीपुर फाँटा महिला सामुदायिक वन | |
| ५ | जयदुर्गा सामुदायिक वन | |
| ६ | बागेश्वरी सामुदायिक वन | |
| ७ | थारु कल्याण सामुदायिक वन | |

**अभ्यासः**

**१. जोडा मिलाउनुहोसः**

| | |
|---|---|
| सामुदायिक वन | पूर्वी भाग |
| भादा नदी | छाडा चौपायाबाट जोगाउने |
| तारबार | हरियाली कार्यक्रम |
| वृक्षारोपण | समुदायबाट संरक्षित वन |

**२. तलका प्रश्नको उत्तर दिनुहोस :**

(क) सामुदायिक वन के लाई भनिन्छ ? तपाईंले जानेका कुनै दुई वटा सामुदायिक वनको नाम लेख्नुहोस्।

(ख) सामुदायिक वनबाट हुने कुनै दुई वटा फाइदाहरु लेख्नुहोस्।

(ग) वनजङ्गलको सुरक्षा गर्ने कुनै चार वटा उपायहरु लेख्नुहोस्।

(घ) हरियाली क्षेत्र संरक्षणमा विद्यार्थीले गर्न सक्ने कुनै दुई वटा कार्यहरुको सूची बनाउनुहोस्।

**परियोजना कार्यः**

आफ्नो घर नजिक पर्ने कुनै सामुदायिक वनमा गई त्यहाँ भएका रुखको नाम, वनको क्षेत्रफल र वनबाट भएका फाइदाहरु सम्बन्धमा उक्त सामुदायिक वनका पदाधिकारी सँग सोधखोज गरी प्राप्त विवरण कक्षामा सुनाउनुहोस्।

## पाठ २ हरियाली नगर

– लक्ष्मी खनाल (अभि)



स्वच्छ हावा स्वच्छ पानी
स्वस्थ जिन्दगानी ।
घरगाउँ सफा राख्ने
कति राम्रो बानी ।।

विद्यालय, गाँउ घरमा
बनाऔँ फूलबारी ।
भमरा र पुतलीले
गर्छन् वारिपारि ।।

हरियाली गाउँवस्ती
आहा ! कति राम्रो ।
प्रकृतिलाई स्वच्छ राख्ने
दायित्व हो हाम्रो।।

दुषित पानी रोगको खानी
बुझ बाबुनानी ।
शुद्धिकरण गरेपछी मात्र
पिउँ पानी ।।

हाम्रो नगर गुलरिया
सफा हरियाली ।
नाच्दै, गाँउदै सबैजना
मनाऔँ खुसियाली ।।

**क्रियाकलाप:**

१. माथि दिइएको कविता सबै मिली गाउनुहोस् र हाउभाउ सहित भाव व्यक्त गर्नुहोस्।

**अभ्यास:**

**१. तलका वाक्यमा ठिक भए (✓) र बेठिक भए (✗) चिह्न लगाउनुहोस।**

(क) व्यक्तिगत सरसफाइमा सबैले ध्यान दिनुपर्दछ।

(ख) नदी छेउमा दिसापिसाब गर्नु राम्रो हो।

(ग) पानी सधैं शुद्धीकरण गरेर मात्र पिउनुपर्छ।

(घ) गाउँ नगर फोहोर राख्ने काम गर्नुपर्छ।

**२. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) हामीले किन सरसफाइमा ध्यान दिनुपर्छ ?

(ख) गाउँनगर किन सफा राख्नुपर्छ ?

(ग) पानी पिउँदा कस्तो पानी पिउनुपर्छ ?

(घ) फुलबारी रोप्दा शहर कस्तो हुन्छ ?

**परियोजना कार्य:**

तपाईँले आफ्नो विद्यालय क्षेत्र सफा राख्न के के कार्य गर्नुभएको छ, सूची बनाई कक्षामा साथीहरुलाई सुनाउनुहोस्।

# पाठ ३ जल प्रदुषण



सरयू नदी (भादा)

गुरुआमाले हामीलाई प्राकृतिक महत्त्व बोकेको गुलरिया नगरपालिका स्थित सरयू नदीको अवलोकन भ्रमणमा लैजानु भयो । प्राचीन महत्त्व बोकेको यो नदी भादा कुलोमा मिसिन गई यसलाई भादा नामले सम्बोधन गर्ने गरिएको रहेछ । प्रत्यक्ष अवलोकन गरी सिक्न पाउँदा हामी धेरै खुसी भयौँ । त्यहाँ हामीले धेरै कुरा अवलोकन गऱ्यौँ । बगरमा हामीले बालुवा, ढुङ्गा, माटोको बनोटका साथै स्थानीय कृषकहरुले लगाएको तरकारीहरु तथा बगीरहेको पानी पनि राम्ररी अवलोकन गऱ्यौँ । अवलोकनका क्रममा हामीलाई तिर्खा पनि लाग्यो । प्रकृतिले नदीको पानी पिउन ईच्छा गरिन् तर नदीको पानी निकै धमिलो र फोहोर देखिन्थ्यो । यसरी पानी धमिलो हुनु जलप्रदूषण हो भनी गुरुआमाले बताउनुभयो । पहिले पहिले हाम्रा पूर्वजहरु यही पानी प्रयोग गरी जीवन निर्वाह गर्ने गरेको कुरा समेत गुरुआमाले बताउनुभयो । साथै पानी यसरी दूषित हुनाको मुख्य कारण मानिस नै भएको कुरा पनि उहाँले बताउनुभयो । मानिसले पानीको मुहान वरपर दिसापिसाव गर्ने, लुगा धुने, नुहाउने, नदीमा गाइभैंसीलाई आहाल बसाउने, मरेको जीवजनावर फ्याक्ने, हाटवजार पसल आदिवाट निस्केको फोहोर नदीमा बिसर्जन गर्ने, ढलको निकास गरिने कारणले जल प्रदुषण हुने रहेछ । यसका असरहरुमा मानव स्वास्थ्यमा गम्भिर समस्या निम्त्याउने, विभिन्न किसिमका पानीजन्य रोगहरु जस्तैः आउँ, हैजा, टाइफाइड, झाडापखाला, लुतो, खटिरा आदि लाग्ने, बिभिन्न जलीय प्राणीहरुको अस्तित्त्व संकटमा पर्ने र वरपरको वातावरण प्रदूषित बनाउने मुख्य रहेछन् ।




फोहोरलाई कुहिने र नकुहिने वर्गीकरण गरी श्रोतमै न्यूनीकरण गरौं ।

फोहोर मैलाले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने भएकाले यसको उचित व्यवस्थापनमा हामी सबैको महत्त्वपूर्ण भुमिका हुने कुरा पनि गुरुआमाले बताउनु भयो। जस अनुसार फोहोर मैलाको उचित व्यवस्थापन निम्न तरिकाले गर्न सकिन्छः

(क) आफ्नो घर, विद्यालय वरिपरी सफासुग्घर राख्ने ।

(ख) ढल निकासको उचित व्यवस्थापन गर्ने ।

(ग) वातावरणीय सरसफाइ सम्बन्धी जनचेतना जगाउने ।

(घ) नदीनाला, ताल, पोखरी, खोला सफा राख्ने ।

(ङ) फोहोरमैलाको श्रोत अनुसार (कुहिने र नकुहिने) वर्गीकरण गरी उचित व्यवस्थापन गर्ने ।

**क्रियाकलापः**

१. तपाईँको घर र विद्यालय वरिपरि निस्कने फोहोरको सूची बनाई कुन कुहिने र कुन नकुहिने हुन्, तलको तालिकामा लेख्नुहोस् ।

| कुहिने फोहर | नकुहिने फोहर |
|---|---|
| | |

**अभ्यासः**

**१. खाली ठाउँ भर्नुहोस् :**

(क) गुलरिया नगरपालिकाको प्रमुख नदी .......... हो ।

(ख) नदीको पानी निकै धमिलो र ........... देखिन्थ्यो ।

गुरुआमाले पानी दुषित हुनाको मुख्य कारण ......... नै भएको कुरा बताउनुभयो ।

(ग) फोहोरमैलाको ...... अनुसार (कुहिने र नकुहिने) वर्गीकरण गरी उचित व्यवस्थापन गर्नुपर्दछ ।

**२. तल दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) जल प्रदूषण भनेको के हो ?

(ख) जल प्रदूषणका कारणहरु के के हुन ? कुनै पाँच वटाको सूची बनाउनुहोस ।

(ग) श्रोत अनुसार फोहरमैलालाई कति प्रकारमा वर्गीकरण गर्न सकिन्छ र ती के के हुन् ?

(घ) फोहरमैलाको उचित व्यवस्थापन कसरी गर्न सकिन्छ? कुनै तिन वटा तरिकाहरु उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

पानीजन्य रोगहरु जस्तैः आउँ, हैजा, झाडापखाला, टाइफाइड आदिबाट बच्न पानी शुद्धीकरण गरेर पिउनुपर्दछ। तपाईंको टोलमा पानी शुद्धीकरणका लागि कुन कुन विधी अपनाइएको छ, अवलोकन गरी विवरण सङ्कलन गर्नुहोस् र प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ पाँच
## विपद् सावधानी र सुरक्षा व्यवस्थापन

**सिकाइ उपलब्धि :**

१. विपद् (हावाहुरी/आँधी, बाढी, आगलागी) बाट बच्ने उपायहरु बताउन तथा अवलम्बन गर्न,
२. विपद्को समयमा अभिभावकको भूमिका बताउन र
३. ट्राफिक चिह्न र सङ्केतको पहिचान तथा अर्थ बताउन ।









# पाठ १ विपद्



आउ साथी सबै मिली एउटा गीत गाऔँ।
नगर मेरो गुलरिया कोठिया हो गाऊँ ॥
प्राकृतिक र मानव निर्मित प्रकोपहरु हुन्छन्।
धनजनको क्षति भए विपद् तयसलाई भन्छन् ॥

साउन महिना बाढि आउँछ चारैतिर पानी।
यस्तो विपद् आउँदा कतै ठाउँ हुन्न जाने ॥
हावाहुरी, आगलागी हौऔँ सावधानी।
होसियार नहुँदामा गाउँ नै खरानी ॥

भुकम्प नी आउँछ साथी कहिलेकाहीँ यहाँ।
खतरा छन् चारैतिर सुरक्षा छ कहाँ ?॥
विपद् के हो जोखिम के हो ? चिन्न सक्नु पर्छ।
समयमै सचेत भए क्षति कम गर्छ ॥

नदी छेउ घर बनाउने नगरौं है काम।
समयमै बाँध लगाइ जोगाउनु छ ज्यान ॥
खाली जग्गा जमिनमा बोट बिरुवा रोपौँ
ओजोन तह बँचाउने उपाय के सोचौँ ॥

गर्नु हुन्न लापारवाही बनौँ सावधानी
वन विनाश नगरौँ है हामी जानी जानी।
ज्यान अनि सामानको गरौं रखवारी।
सबैलाई सचेत बनाऔँ ज्ञानको दियो बाली ॥

## क्रियाकलाप :

१. तपाईंको गाउँघरमा के कस्ता विपद्हरु आउने सम्भावना बढी छन् ? अभिभावकहरुसँग छलफल गरी लेख्नुहोस र कक्षामा सुनाउनोस् ।

२. विभिन्न प्रकारका विपद्हरुको नाम लेखी त्यसले पुर्‍याउने हानी नोक्सानीहरु के-के हुन सक्छन्, सूची बनाएर कक्षाकोठामा राख्नुहोस् ।

३. गुरुआमा तथा अभिभावकहरुसँग सोधपुछ गरी विपद्का प्रकार र त्यसबाट बच्ने उपायहरु ठुला अक्षरमा लेखी कक्षामा टाँस्नुहोस् ।

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

(क) कुनै किसिमको प्रकोप आएर धनजनको क्षति भएको अवस्थालाई ............. भनिन्छ ।

(ख) खाना पकाइसकेपछि राम्ररी .......... निभाउनु पर्दछ ।

(ग) वृक्षारोपण गर्नाले वातावरण स्वच्छ र .......... रहन्छ ।

(घ) भुकम्प आउँदा सकेसम्म खुला ........... जानुपर्दछ ।

### २. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) विपद् भनेको के हो ?

(ख) प्रकोपहरु कति प्रकारका हुन्छन ? नाम लेख्नुहोस् ।

(ग) धेरै जसो हावाहुरी कुन महिनामा आउँछ ?

(घ) बाढीबाट सुरक्षित हुन के गर्नुपर्ला ? कुनै दुइ वटा उपाय लेख्नुहोस् ।

(ङ) आगलागीबाट बच्न के गर्नुपर्ला ? कुनै दुइवटा सुझावहरु लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईँको घर तथा समुदायका अनुभवी र जानकार व्यक्तिसँग विपद्का कुनै पनि घटना (बाढी, हावाहुरी, आगलागी वा भुकम्प) ले पुर्‍याएका क्षतिको बारेमा सोधपुछ गर्नुहोस् । साथै त्यसबाट बच्ने उपायके-के छन् सोधी टिपोट गर्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

# पाठ २ ट्राफिक चिह्न र सङ्केत

बर्दियामा भएको सडक दुर्घटनामा एक बालक गम्भीर घाइते

१९ बैशाख, बर्दिया । बर्दियामा आज भएको सडक दुर्घटनामा विद्यालय जाँदै गरेका एक बालक गम्भीर घाइते भएका छन् ।

गुलरिया नगरपालिकाको भादापुल नजिकै हुलाकी राजमार्गमा नेपालगञ्जबाट गुलरिया आउँदै गरेको लु. ०१-०२२ च ९९९२ नम्बरको कारले ठक्कर दिँदा गुलरिया नगरपालिका- ८ सम्झना टोल बस्ने १० वर्षीय महेन्द्र चौधरी गम्भिर घाइते भएका हुन् । घाइते बालकको बर्दिया अस्पतालमा उपचार भैरहेको छ । विद्यालय जाँदै गर्दा बाटो पार गर्ने क्रममा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय बर्दियाका सूचना अधिकृत बालकृष्ण हुमागाईंले जानकारी दिनुभएको छ । कार र चालकलाई प्रहरीले नियन्त्रणमा लिई घटनाबारे आवश्यक अनुसन्धान भैरहेको हुमागाईंले बताउनुभएको हो ।

नेपालमा सबैभन्दा बढी प्रयोगमा आउने यातायात प्रणाली भनेको सडक यातायात हो । हाल नेपालमा नयाँ-नयाँ सडकहरु निर्माण भइरहेका छन् भने विभिन्न किसिमका सवारी साधनको प्रयोगमा पनि उल्लेखनीय बृद्धि भइरहेको छ । मुख्य सहरका सडकहरुमा सवारी साधनको चाप बढ्दै गएको देखिन्छ । जसले गर्दा दिनहुँ जसो सडक दुर्घटनाका समाचार आइरहेका हुन्छन् जसमा कैयौं मानिसले आफ्नो ज्यान गुमाइरहेका हुन्छन् । यस्ता सडक वा यातायात दुर्घटनाबाट बच्न बनाइएको नियमलाई नै ट्राफिक नियम भनिन्छ ।

सवारी दुर्घटनाको मुख्य कारण सवारी नियमको पालना नगरिनु हो । सवारी नियम भनेको सडक प्रयोग गर्ने व्यक्तिले पालना गर्नुपर्ने नियम हो । यसलाई सडक सुरक्षा नियम पनि भनिन्छ । यस्ता नियमहरुले सडकमा सवारी चलाउँदा वा यात्रा गर्दा अपनाउनु पर्ने सावधानीका विषयमा जानकारी दिन्छन् ।

## ट्राफिक चिह्नहरु



ट्राफिक नियम र सूचनाका लागि नेपालमा तिन प्रकारका चिह्नहरुको प्रयोग भएको पाइन्छ । ती हुन् : जानकारीमुलक ट्राफिक चिह्न, सञ्चालन सम्वन्धी ट्राफिक चिह्न र खतरासूचक ट्राफिक चिह्न। जानकारीमुलक ट्राफिक चिह्न चारपाटे आकारमा, संचालन सम्वन्धि ट्राफिक चिह्न गोलाकारमा र खतरासूचक ट्राफिक चिह्नहरु त्रिकोणाकारमा राखिन्छ ।

सडक सुरक्षा हामी सबैको सरोकारको विषय हो । त्यसैले ट्राफिक नियमको पालना गर्नु हामी सबैको जिम्मेवारी हो ।

सडक सुरक्षा बढाउने उपायहरु यसप्रकार छन् ।

१. सडकको बायाँ तर्फबाट हिड्ने ।
२. साइकल, मोटरसाइकल वा अन्य साधनहरु पनि बायाँ तर्फबाट चलाउने ।
३. मोटरसाइकल चलाउँदा हेल्मेट अनिवार्य लगाउने ।
४. सडकमा खेल्ने, उफ्रने जस्ता कार्यहरु नगर्ने ।
५. ट्राफिक संकेतबारे जानकारी लिने वा दिने ।
६. कुनैपनि सवारीसाधन तिब्र गतिमा नचलाउने ।
७. मादक पदार्थ सेवन गरेर सवारीसाधन नचलाउने ।

## क्रियाकलाप

१. ट्राफिक नियमको पालना सम्वन्धि भूमिका अभिनय गरी कक्षामा प्रदर्शन गर्नुहोस्।

## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| हरियो बत्ती | रोकिनु |
| रातो बत्ती | अगाडि बढ्नु |
| पहेंलो बत्ती | हेल्मेट |
| मोटरसाइकल | अगाडि बढ्न तयार रहनु |

### २. खाली ठाउँ भर्नुहोस् :

(क) हामीले सडकमा हिंड्दा ........... नियमको पालना गर्नुपर्दछ ।
(ख) जहिले पनि सडकको ............ तर्फबाट मात्र हिंड्नु पर्दछ ।
(ग) बाटो काट्दा ......... को प्रयोग गर्नु पर्दछ ।
(घ) मोटरसाइकल चलाउँदा अनिवार्य ......... लगाउनु पर्दछ ।

## ३. तलका प्रश्नको उत्तर दिनुहोसः

(क) ट्राफिक नियम भनेको के हो ?

(ख) सडक दुर्घटना हुनुका मुख्य कारणहरु के के हुन ? सूची बनाउनुहोस्।

(ग) सडकमा हिंड्दा सधैं कुन साइडमा हिंड्नु पर्दछ ?

(घ) सडक सुरक्षा बढाउने कुनै दुई उपायहरु लेख्नुहोस् ।

## परियोजना कार्य

आफ्नो ठाउँ नजिकै रहेको ट्राफिक कार्यालयमा गई ट्राफिक सम्वन्धी सूचना, संङ्केतका चित्रहरु संकलन गर्नुहोस् र ट्राफिक नियमहरु लेखेर कक्षामा प्रदर्शन गर्नुहोस् ।

# एकाइ : ६
# हाम्रो सम्पदा

## सिकाइ उपलब्धि

१. नगरक्षेत्रभित्रका सम्पदा संरक्षण र यसको विवेकशील प्रयोगमा अग्रसर हुन र

२. कृष्णसारको महत्त्व र संरक्षणका उपायहरु बताउन ।










# पाठ १ हाम्रो सम्पदा, हाम्रो पहिचान



रमा गुरुआमाले आज कक्षामा हाम्रो सम्पदा हाम्रो पहिचान सम्बन्धमा छलफल गराउँदै हुनुहुन्छ । गुरुआमा र विद्यार्थी बिचको सो छलफल तल प्रस्तुत गरिएको छः

विद्यार्थी : (उठ्दै) विहानको नमस्कार गुरुआमा !

गुरुआमा : सबै भाइ बहिनीहरुलाई नमस्कार ! सबैजना आराम छौ ?

विद्यार्थी : आरामै छौं, गुरुआमा ।

गुरुआमा : आज हाम्रो कक्षामा छलफल हुने विषय हाम्रो सम्पदा हाम्रो पहिचान रहेको छ ।

रमेश : सम्पदा भनेको के हो ? गुरुआमा ।

गुरुआमा : भाइबहिनीहरु, हाम्रो वरपर रहेका प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पत्तिहरुलाई सम्पदा भनिन्छ । धार्मिक स्थल, नदिनाला, ताल, वनजङ्गल, चोक, राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र पहिलेदेखि मान्दै आएका हाम्रा चाडपर्व, मेलाजात्रा, धर्म संस्कृति, भेषभूषा, नृत्य, बाजा, बजारहरु पनि सम्पदा भित्र नै पर्दछन् । यस्ता सम्पदाहरुले हाम्रो इतिहास, संस्कार तथा संस्कृतिलाई बचाइराखेका हुन्छन् । हाम्रा मौलिक पहिचान बनाइदिएका हुन्छन् । समाज, समुदाय र राष्ट्रको इज्जत र प्रतिष्ठालाई उच्च बनाएका हुन्छन् ।

कलावति : यस्ता सम्पदाहरु हाम्रो नगरपालिकामा पनि छन् त गुरुआमा ?

गुरुआमा : हो, राम्रो प्रश्न सोध्यौ । यस्ता प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरु हाम्रो गुलरिया नगरपालिकाका १२ ओटै वडाहरुमा रहेका छन् ।

राधेश्याम : गुरुआमा त्यस्ता सम्पदाहरु कुन-कुन हुन् बताइदिनुहोस न ?

गुरुआमा : ल सुन, धार्मिक महत्त्व, आस्था र इतिहास बोकेका सम्पदालाई हामी धार्मिक सम्पदा भनेर चिन्छौँ । यस अन्तर्गत हाम्रो नगरपालिकाभित्र रहेका कोटही मन्दिर, बंगलामुखी मन्दिर, खण्डाबाबा मन्दिर, पर्वतीया मन्दिर, गायत्री शक्तिपीठ, लक्ष्मीनारायण तोताद्रिमठ, राधाकृष्ण मन्दिर, ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय, मुक्तेश्वर महादेवका साथै मस्जिद, गुम्बा र चर्चहरु पनि पर्दछन् । यी सबै हाम्रा धार्मिक सम्पदाहरु हुन बुझ्यौ त ?



गायत्री शक्ति पिठ



पञ्चेश्वर महादेव मन्दिर

विद्यार्थीहरु : बुझ्यौँ गुरुआमा । अब हामीलाई हाम्रो नगरपालिकाभित्र रहेका प्राकृतिक सम्पदाको बारेमा पनि बताइदिनुहोस् न गुरुआमा ।

गुरुआमा : तिमीहरुले राम्रो जिज्ञासा राख्यौ । ल सुन, मानिसले नबनाई प्रकृतिद्वारा आफै निर्मित सम्पदाहरु जस्तैः वनजङ्गल, नदीनाला, हिमाल, संरक्षण क्षेत्र आदि प्राकृतिक सम्पदा हुन् । हाम्रो गुलरिया नगरपालिकामा अवस्थित सरयू नदी (बबई), विभिन्न सामुदायिक वन तथा जङ्गल, कृष्णसार संरक्षण क्षेत्र प्राकृतिक सम्पदा अन्तर्गत पर्दछन् ।

इशा : ए ! हाम्रा वनजङ्गल पनि प्राकृतिक सम्पदा नै रहेछन् नि है गुरुआमा ?



नेपाली जामा मस्जिद





खण्डाबाबा मन्दिर

गुरुआमा : हो, तिमीले ठिक भन्यौ । भाइबहिनीहरु तिमीहरुलाई थाहा छ ! हामीले हाम्रो समुदायमा पहिलेदेखि मान्दै आएका चाडपर्व, संस्कार, नाच, बाजा, गहना, जातीय पहिरन पनि हाम्रो सम्पदा नै हुन् । जसलाई हामी सांस्कृतिक सम्पदा भन्दछौँ ।

निङ्गा : हामीले पहिलेदेखि मान्दै आएका रीतिरिवाज र चालचलन पनि हाम्रो सम्पदा पो रहेछन् हैन गुरुआमा ?

गुरुआमा : हो नि ! जुन कुराले हाम्रो पहिचान बनाएका हुन्छन्, ऐतिहासिक महत्त्व बोकेका हुन्छन् ती सबै हाम्रो सम्पदा हुन् । त्यसैले यस्ता महत्त्व बोकेका सम्पदाको सुरक्षा, संरक्षण र सम्वर्द्धन गरी बचाइराख्नु हामी प्रत्येक नागरिकको कर्तव्य हुन आउँछ ।

फुलाराम : गुरुआमा ! हामीले किन यस्ता सम्पदाहरुलाई बचाई राख्नुपर्छ भन्नु भएको ?

गुरुआमा : तिमीले अति महत्त्वपूर्ण प्रश्न सोध्यौ । स्याबास ! ल सुन पहिले म यस्ता मूल्य मान्यता बोकेका सम्पदाहरुको महत्वका बारेमा बताउँछु । हाम्रो प्राचीन सभ्यता, कला संस्कृतिको बारेमा हामी जस्तै हाम्रा पछिल्ला पुस्तालाई चिनाउनका लागि र हाम्रो समुदाय, समाज र राष्ट्रलाई विश्वमा अरुसामु चिनाउनका लागि यस्ता सम्पदाको महत्त्व रहेको छ । वातावरणको संरक्षण गर्नका लागि पनि यी सम्पदाहरुको महत्त्व रहेको छ । साथै हाम्रो पूर्खाहरु र हाम्रो इतिहासका बारेमा जानकारी पाउन सकिने हुँदा हाम्रो सम्पदाको निकै महत्त्व रहेको छ ।



भादा नदी



बालापुर-बिक्री जोड्ने झोलुङ्गे पुल

पायल : गुरुआमा ! अब हामीले यस्ता सम्पदाहरुको कसरी संरक्षण गर्ने होला त ? साह्रै जान्न मन लाग्यो ।

गुरुआमा : ल सुन, हाम्रो इतिहास, गौरव र पहिचान बोकेका सम्पदा दिनानुदिन नाश हुँदै गएका छन् । तिनलाई बचाउनका लागि हामी एकजनाले मात्र प्रयास गरेर हुँदैन । यस्ता सम्पदा कुनै व्यक्ति वा समुदायको मात्र नभई सबैका साझा सम्पत्ति हुन् । त्यसैले तिनको संरक्षण र सम्वर्द्धनका लागि समाजका सबै व्यक्तिले आ-आफ्नो तर्फबाट प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । विशेष गरी सम्पदाको विवेकशील प्रयोगमा हामी अग्रसर हुनुपर्दछ । सम्पदाको विवेकशील प्रयोग भनेको वनजङ्गल, नदी, हिमाल, पहाड, खनिज आदिलाई सन्तुलित ढङ्गले उपयोग गर्दै वातावरण संरक्षण गर्नु हो । यसले गर्दा प्राकृतिक स्रोतमा विकृति आउन पाउँदैन र हाम्रा भावी सन्ततीले यी सम्पदाहरुको उपयोग गर्न पाउँछन । यसका लागि सम्पदाको महत्त्व र संरक्षण गर्ने उपायका सम्बन्धमा जनचेतना फैलाउने, बिभिन्न सञ्चार माध्यमबाट तिनीहरुको प्रचारप्रसार गर्ने कार्यहरु गर्नुपर्दछ । जति धेरै प्रचारप्रसार भयो त्यती नै ती सम्पदाको बारेमा अन्य व्यक्तिलाई जानकारी प्राप्त हुन्छ र अवलोकनका लागी आउने गर्दछन् । यी सम्पदाहरुको सुरक्षा तथा संरक्षणका लागि कडा कानून बनाई स्थानीय स्तरमा लागु गर्नुपर्छ । पुराना र जीर्ण अवस्थामा रहेका सम्पदाको मौलिक स्वरुप सहित जीर्णोद्धारमा जोड दिनुपर्छ, विनास हुनबाट रोक्नुपर्छ । यी सम्पूर्ण कार्य हामी सबै मिलेर गरेमा मात्र सम्भव हुन्छ ।




कपिल : गुरुआमा ! हाम्रा सम्पदा संरक्षण गर्नु त हामी सबैको कर्तव्य पो रहेछ । अनि यी सम्पदाहरुले त हाम्रो नगरपालिका र हामीलाई अरु ठाउँमा चिनाउँदा

|  |  |
|---|---|
|  | रहेछन, हाम्रो गौरव बढाउने रहेछन् । अब हामी पनि हाम्रो गाउँघरमा भएका सम्पदाहरुको संरक्षण र सम्वर्द्धनका लागि हाम्रा अभिभावक र छिमेकीसँग पनि कुरा गर्छौं । |
| गुरुआमा | : तिमीले राम्रो कुरा गर्यौ । यस्ता सम्पदाहरुको संरक्षण र सम्वर्द्धनमा हामी सबै जुट्नुपर्छ । (घण्टि बज्छ) आजको कक्षामा रमाइलो छलफल भयो । अब अरु बाँकी विषयमा भोलि कक्षामा छलफल गरौंला । |

## क्रियाकलापः

१. तपाईंको वडाभित्र रहेका पाँच वटा प्राकृतिक सम्पदाको सूची बनाई कक्षामा साथीहरुलाई सुनाउनुहोस् ।

## अभ्यासः

### १. तलका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न लगाउनुहोस् ।

(क) हाम्रो सम्पदाको संरक्षण र सम्वर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।

(ख) सम्पदाहरुलाई विनास हुन दिँदा केही असर हुदैन ।

(ग) हाम्रो सम्पदाले हाम्रो पहिचान बोकेका हुन्छन् ।

(घ) कोटही मन्दिर गुलरिया नगरपालिका भित्र रहेको धार्मिक सम्पदा हो ।

### २. तलका प्रश्नको उत्तर दिनुहोसः

(क) प्राकृतिक सम्पदा के लाई भनिन्छ ?

(ख) धार्मिक सम्पदा अन्तर्गत के के पर्दछन ? कुनै चार वटा उदाहरण दिनुहोस् ।


(ग) सांस्कृतिक सम्पदा भनेको के हो ? यस अन्तर्गत पर्ने कुनै पाँच वटा कुराहरुको सूची बनाउनुहोस् ।

(घ) सम्पदाहरु संरक्षण गर्दा हुने कुनै दुई वटा फाइदाहरु लेख्नुहोस् ।

## परियोजना कार्यः

तपाईँको घर नजिक रहेको कुनै एउटा धार्मिक सम्पदाको अवलोकन गरी त्यसको संरक्षण र सम्वर्द्धनका लागि के कस्ता प्रयासहरु भएका छन्, त्यहाँका ज्येष्ठ नागरिकहरुसँग सोधखोज गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ २ कृष्णसार संरक्षण क्षेत्र




प्यारा साथीहरु ! के तपाईंहरुलाई थाहा छ, हामी कुन स्थानीय तहमा बस्दछौं ? पक्कै पनि थाहा छ होला, हामी गुलरिया नगरपालिकामा बस्दछौँ । गुलरिया नगरपालिका नेपालको लुम्बिनी प्रदेश स्थित बर्दिया जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित छ । गुलरिया बर्दिया जिल्लाको सदरमुकाम पनि हो । गुलरिया नगरपालिकाको वडा नम्वर २ पटाहा खैरापुर क्षेत्रमा प्राकृतिक सम्पदाको रुपमा कृष्णसार संरक्षण क्षेत्र रहेको छ । विश्वमा नै दूर्लभ वन्यजन्तु कृष्णसार यहाँ पाइन्छ । दूर्लभ वन्यजन्तु कृष्णसारको संरक्षणका लागि गुलरिया नगरपालिका अन्तर्गतको १६.९५ वर्ग किलोमिटर क्षेत्रलाई नेपाल सरकारले वि.सं २०६५ फागुन २३ गते कृष्णसार संरक्षण क्षेत्रको रुपमा घोषणा गरेको हो ।

कृष्णसार विश्वमा नै लोप हुन लागेको वन्यजन्तु हो । यसलाई संरक्षण गरी यसको सङ्ख्या बृद्धि गर्न सकेमा नेपालको पहिचान विश्व सामु पुग्दछ । कृष्णसार अवलोकन गर्न यहाँ देशभित्र र बाहिरबाट पर्यटकहरु आउने गरेको पाइन्छ । यसरी प्राकृतिक सम्पदाका रुपमा रहेको कृष्णसारको संरक्षण र यस क्षेत्रको विकास गर्न सकेमा नेपालको आर्थिक विकासमा समेत यसले सहयोग गर्दछ । पर्यटकीय दृष्टिकोणले पनि हाम्रो नगरपालिकालाई कृष्णसारको प्राकृतिक वासस्थानका रुपमा चिनाउन सकिन्छ ।



कृष्णसार संरक्षणका लागि हाम्रो स्थानीय सरकार, स्थानीय बासिन्दा, संरक्षणविद्, युवा, विद्यार्थीहरुले आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्नुपर्दछ। चोरी शिकारी रोक्न संरक्षण क्षेत्रभित्र उचित सुरक्षाको व्यवस्था मिलाउनु पर्दछ। कृष्णसारलाई प्राकृतिक खानेकुराको राम्रो व्यवस्था गरिदिनुपर्छ। कृष्णसार संरक्षण क्षेत्रमा तारबार गरी सुरक्षित बनाउनुपर्छ। संरक्षण क्षेत्रको व्यवस्थापनको लागि योजना बनाई स्थानीय समुदायलाई विशेष जिम्मेवार बनाउनुपर्छ। हाल कृष्णसार संरक्षण क्षेत्रलाई व्यवस्थित गर्ने सिलसिलामा आवश्यक भौतिक निर्माण तथा बासस्थानको व्यवस्थापन जस्ता कार्यहरु भइरहेका छन्। यसप्रकार कृष्णसार हाम्रो गौरव तथा पहिचान भएको हुनाले यसलाई संरक्षण गरी हाम्रो नगरपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रलाई विश्व सामु चिनाउनु हाम्रो दायित्त्व हो।

**क्रियाकलाप**

१. कृष्णसारको सफा चित्र बनाई कक्षामा प्रदर्शन गर्नुहोस्।

२. गुलरिया नगरपालिकाको नक्सा बनाई कृष्णसार संरक्षण क्षेत्र देखाउनुहोस र कक्षाकोठामा टाँस्नुहोस्।

**अभ्यास:**

**१. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस्।**

(क) कृष्णसार संरक्षण क्षेत्रको क्षेत्रफल .......... छ।

(ख) कृष्णसार विश्वमै ................ वन्यजन्तु हो।

(ग) कृष्णसारको संरक्षण र विकास गर्न सकेमा यसले नेपालको ............ विकासमा समेत सहयोग गर्दछ।

(घ) कृष्णसार संरक्षण क्षेत्र गुलरिया नगरपालिकाको वडा नम्वर .......... मा रहेको छ।

**२. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) कृष्णसार कस्तो जनावर हो ?

(ख) कृष्णसार संरक्षण क्षेत्रको घोषणा कहिले गरिएको हो ?

(ग) कृष्णसार संरक्षण गर्दा हुने कुनै दुई वटा फाइदाहरु लेख्नुहोस्।

(घ) कृष्णसार संरक्षण गर्न के के कार्यहरु गर्नुपर्दछ ? कुनै ४ वटाको सूची बनाउनुहोस्।

**परियोजना कार्य:**

आफ्नो गुरुआमासँग कृष्णसार संरक्षण क्षेत्रको शैक्षिक अवलोकन भ्रमण गर्नुहोस्। कृष्णसार संरक्षणका लागि हामीले गर्नसक्ने कार्यहरु के-के हुन सक्छन्, समूहमा छलफल गरी प्राप्त विवरण कक्षामा सुनाउनुहोस्।

# गुलरिया-गान

*रचना: शिक्षक प्रभात सुवेदी*

गाउँछौँ गाथा गुलरियाको ।
हाम्रो आफ्नै फुलरियाको ।।

पूर्वै पर्यो बढैयाताल, पश्चिम मधुवन हजुर ।
उत्तर पर्यो बारबर्दिया, दक्षिण आफ्नै सूरजपुर ।।
सरयू नदी, बेल र कुश, कृष्णसार, खैरापुर ।
तपोभूमि, स्वर्गैतुल्य, उर्वर हाम्रो भूमि हजुर ।।

अनेक धर्म, भाषाभाषी, आफ्नै मौलिक संस्कृति ।
बचाउनु छ परम्परा, हटाउँदै विकृति ।।
रम्दै गर्छौँ खेतीपाती, उन्नत बिउ लगाउँदै ।
पशुपालन, बगर खेती, प्रविधिमा रमाउँदै ।।

स्वच्छ नगर हरियाली सौन्दर्यको खानी यो ।
सफा सुग्घर, मिठो वचन यही राम्रो बानी हो ।।
मठमन्दिर, गुम्बा, मस्जिद, चर्च हाम्रा धरोहर ।
अलौकिक शक्तिप्रति, विश्वास हाम्रो बरोबर ।।